**बालविवाह सामाजिक र कानूनी अपराध हो**

- २० वर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी विवाह गर्नु सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यवस्था छ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक दैनिक
eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० फागुन २८ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 March 11 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १९२

## जङ्गली जनावरको उपद्रवले परीक्षा प्रभावित हुन सक्ने

ओमप्रकाश चौधरी, सेढवा, २७ फागुन/

जङ्गल क्षेत्रसँग जोडिएको मानवबस्तीमा रहेका विद्यालयहरूको पठनपाठन जङ्गली जनावरको उपद्रव बढेसँगै प्रभावित हुन थालेको छ। विद्यार्थीहरू अध्ययन गर्न विद्यालयसम्म जाने अवस्था छैन र उनीहरू डराएर बसेका छन्।

चैत २ गतेदेखि वार्षिक परीक्षा शुरू हुन गइरहेको र यस क्षेत्रका केही विद्यालयहरूमा जङ्गली जनावर हात्ती, बाघका कारण परीक्षा प्रभावित हुने अवस्था सिर्जना भएको छ।

पटेर्वासुगौली गापाका शिक्षा शाखा प्रमुख सोलेन्द्र पञ्जियारले केही विद्यालयहरूमा बाघ आतङ्कले परीक्षा प्रभावित हुने सङ्केत गरे। उनले जनता सडकदेखि दक्षिणातर्फ जङ्गलसँग जोडिएको र झाडी रहेको पटेर्वासुगौली गापा–२ को नेराप्रावि लक्ष्मीपुरमा परीक्षा सञ्चालन गर्ने/नगर्ने विषयमा सोचविचार भइरहेको बताए। उनले बाघ देखा परेको र नियन्त्रणमा नआएको कारण सो स्थानमा परीक्षा सञ्चालन गर्न द्विविधा भएको बताए।

यसैगरी, सोही वडाको प्रावि थरघट्टीमा पनि परीक्षा सञ्चालनको विषयलाई लिएर द्विविधा उत्पन्न भएको उनले बताए। रङ्गपुरटाँडीमा कक्षा १२ सम्म अध्ययन हुने र सो क्षेत्र पनि जङ्गलसँग जोडिएकोले त्यहाँ अहिले अध्यापन र आगामी दिनमा हुन गइरहेको परीक्षालाई लिएर समस्या उत्पन्न भएको बताएका छन्।

पर्सा जिल्लामा चितवन राष्ट्रिय निकुञ्ज र पर्सा राष्ट्रिय निकुञ्ज तथा डिभिजन वन कार्यालय अन्तर्गतका राष्ट्रिय वन छन्। निकुञ्ज अन्तर्गतको वनमा चितवनतर्फ दुईवटा र पर्सातर्फ तीनवटा मध्यवर्ती क्षेत्र छन्। मध्यवर्ती क्षेत्रले आफ्नो वनमा विद्युतीय तथा मेस जाली लगाएको छ। तर पनि खोलाहरूमा विद्युतीय तारबार र मेसजाली लगाउन नसकिएको कारण सो क्षेत्रबाट जङ्गली जनावरहरू मानवबस्तीमा प्रवेश गर्ने गरेका छन्।

पाँचवटा मध्यवर्तीमध्ये पञ्चमुखी मध्यवर्ती उपभोक्ता समितिले लगाएको विद्युतीय तारबार दुई वर्षदेखि प्रयोगविहीन छ। मरम्मतसम्भार नहुँदा सो क्षेत्रको विद्युतीय तारबार प्रभावहीन भएको हो।

यता, राष्ट्रिय वन अन्तर्गतका क्षेत्रहरूमा भने विद्युतीय तारबार, मेसजाली नभएका कारण जङ्गली जनावर निर्धक्क मानवबस्तीमा प्रवेश गर्ने र उपद्रव मचाउने गरेका छन्। अहिले राष्ट्रिय वन अन्तर्गतका क्षेत्रहरूबाट मानवबस्तीमा जङ्गली जनावर हात्ती, बाघ प्रवेश गरेर उपद्रव मचाउँदै आएका छन्।

यसबाहेक ठोरी गापामा भने भारतीय जङ्गली जनावरको उपद्रव छ। भारतीय जङ्गलमा विद्युतीय तारबार, मेसजाली नलगाइएका कारण त्यहाँबाट निस्किने जङ्गली जनावरले ठोरी गापा–३ र ४ मा उपद्रव मचाउने गरेको स्थानीयले गुनासो गरेका छन्।

**प्रमोद यादव, पंचगावाँ/**

पर्सा जिल्लाको जङ्गल क्षेत्रसँग जोडिएका मानवबस्तीहरू जङ्गली जनावरको कारण कात्तिकदेखि आतङ्कित रहँदै आएको छ।

कात्तिक महीनामा जङ्गली हात्तीहरू प्रवेश गरेर मानवबस्तीमा क्षति पुऱ्याएका थिए। बालीनाली क्षति गर्नुका साथै जङ्गली हात्तीले मानवबस्तीमा पसेर घर भत्काउने जस्ता कार्य गरेर उत्पात मचाएको थियो। अहिले यस क्षेत्रमा बाघले आतङ्क मचाएको छ।

माघ महीनादेखि बाघको आक्रमण यस क्षेत्रमा बढेको हो। अहिलेसम्म बाघको आक्रमणबाट दुईजनाको मृत्यु भइसकेको छ भने दुईजना गम्भीर घाइते भएका छन्। बाघले सखुवाप्रसौनी, पटेर्वासुगौली, जीराभवानी र पर्सागढी नगरपालिकामा उत्पात मचाउँदै आएको छ। गोठमा रहेका खसी, बाखा, गाईमाथिको आक्रमण जारी छ।

पछिल्लो समय बाघको कारण सखुवाप्रसौनी गाउँपालिका आतङ्कित भएको छ। वडा नं २ को उखुबारीमा फागुन २५ गते दुईवटा बाघ देखिएको र त्यसमध्ये एउटा बाघ तत्कालै भागेको र अर्को बाघ उखुबारीमा रहेको भनी सोलाई नियन्त्रण गर्ने प्रयास गरिए पनि सफल भएन।

अहिले बाघको खोजीको लागि दुईवटा हात्ती निकुञ्जबाट ल्याइएको छ। हिजो र आज हात्तीबाट बाघको खोजी कार्य गरिए पनि पत्ता लाग्न सकेको छैन।



सखुवाप्रसौनी गाउँपालिकामा बाघ खोज्न परिचालन गरिएका हात्ती। तस्वीरः प्रतीक

## भिस्वाको किरानापसलमा लाखौंको चोरी



नितेश कर्ण, वीरगंज, २७ फागुन/

छिपहरमाई गाउँपालिकाको भिस्वामा रहेको एउटा किराना पसलबाट गएराती लाखौंको चोरी भएको छ।

छिपहरमाई गापा–५ भिस्वा बजारमा रहेको हरि कुशवाहाको किराना पसलबाट गएराति अज्ञात चोरहरूले पसलको पछाडी रहेको ढोकाको ताल्चा तोडेर चोरी गरेको प्रहरीले जनाएको छ। प्रहरीले प्रारम्भिक अनुसन्धानबाट ढोकाको ताल्चा तोडेर चोरी भएको र पसल सञ्चालकले दशलाख बराबरको समानहरू चोरी भएको दावी गरेको जनाएको छ।

चोरले पसलको अगाडि रहेको सिसि क्यामरा फुटाएका र पछाडीको ढोकाको ताला तोडेर चोरी गरेको इलाका प्रहरी कार्यालय पोखरियाका प्रहरी निरीक्षक मोहनविक्रम केसीले बताए। उनले सिसि क्यामरा चेकजाँच भएको र चोरी सम्बन्धमा अनुसन्धान भइरहेको बताए।

## एमाले मधेस प्रदेश कमिटीको चन्द्रपुरमा बैठक
## ठूलो दलको हैसियतले मधेस सरकारमा दाबी

प्रस, वीरगंज, २७ फागुन/

एमालेले मधेस प्रदेश सरकारमा आफ्नो दाबी पेश गरेको छ। एमाले मधेस प्रदेश कमिटीको आइतवार रौतहटको चन्द्रनिगाहपुरमा बसेको दोस्रो बैठकले मधेस सरकारमा आफ्नो दाबी पेश गर्ने निर्णय गरेको हो।

मधेसमा एमाले सबैभन्दा ठूलो दल भएकोले मधेस प्रदेशको नेतृत्व आफ्नो दलले पाउनुपर्ने भन्दै बैठकले निर्णय गरेको सचिव मनोज पौडेलले बताए। उनले मधेस र मधेसी जनताको समृद्धि एमाले नेतृत्वले मात्रै दिन सक्ने भन्दै त्यसका निम्ति एमालेको नेतृत्वमा मधेसमा सरकार बन्नुपर्ने निर्णय गर्दै यसका लागि केन्द्रीय नेतृत्वमा पहल गर्ने बताए।




तस्वीरः प्रतीक

एमालेका केन्द्रीय सचिव एवं मधेस प्रदेश इन्चार्ज योगेश भट्टराईले एमालेले कुनै पनि अवस्थामा मधेस प्रदेशमा आफ्नो दाबी छाड्न नहुने भन्दै यसका लागि केन्द्रीय नेतृत्वसँग जोडदार पहल गर्ने प्रतिबद्धता व्यक्त गरे। उनले मधेसी जनताको जनमत एमाले नेतृत्व सरकारको लागि भएकोले गठबन्धनमा आबद्ध दलहरूले पनि जनमतको कदर गर्दै निश्शर्त एमालेलाई नेतृत्व दिनुपर्ने बताए।

एमाले मधेस प्रदेश अध्यक्ष चन्देश्वर मण्डलको अध्यक्षता बसेको बैठकमा पार्टीका पोलिटब्युरो सदस्य, केन्द्रीय सदस्य, मधेस प्रदेश सदस्यहरूको सहभागिता थियो।

मधेस प्रदेशको कुल १०७ सिटमध्ये एमाले २४, नेपाली काङ्ग्रेस २२, जनता समाजवादी पार्टी १९, जनमत पार्टी १३, लोकतान्त्रिक समाजवादी पार्टी ९, माओवादी केन्द्र आठ, नेकपा (एकीकृत समाजवादी) सात, नागरिक उन्मुक्ति पार्टी, राप्रपा, नेपाल सङ्घीय समाजवादी पार्टी र स्वतन्त्र एक/एक सिटमा विजयी छन्। अहिले मधेस प्रदेशमा १९ सिटको जसपा नेतृत्वको सरकार छ।

## पर्सा, बाराका तीन स्थानमा ६९ जनाद्वारा रक्तदान



राउन्ड टेबुल, सहज सीप विकास केन्द्रले पर्सामा र सामुदायिक अस्पताल निजगढ, बारामा गरेको रक्तदान कार्यक्रम। तस्वीरः प्रतीक

प्रस, वीरगंज, २७ फागुन/

पर्साका दुई र बाराको एक स्थान गरी आइतवार तीन स्थानमा भएको रक्तदान कार्यक्रममा आठजना महिलासहित ६९ जनाले रक्तदान गरेका रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेयले बताए।

राउन्ड टेबुल नेपालले १० दिने रक्तदान अभियान अन्तर्गत आइतवार दोस्रो दिन वीरगंजको क्लार्क रिसोर्टमा आयोजना गरेको रक्तदान कार्यक्रममा तीनजना महिलासहित ३८ जनाले रक्तदान गरेका केन्द्रका प्राविधिक मनीष साहले बताए। कार्यक्रममा रवि रायभर, विकाश कुमार, शान्त शाही, सन्दीप कुशवाहा, मनीष लाठ, राघव राय, उपेन्द्र यादव, प्रदीप पटेललगायतले रक्तदान गरेका थिए।

यसैगरी, बाराको निजगढमा सामुदायिक अस्पताल तथा वडा नं १३ समितिले आयोजना गरेको रक्तदान कार्यक्रममा एकजना महिलासहित १३ जनाले रक्तदान गरेका केन्द्रका प्राविधिक प्रमुख पाण्डेयले बताए। कार्यक्रममा पवित्रा काफ्ले, दीपक न्यौपाने, सुरज ठक्कर, शान्तवीर लामा, प्रफुल्ल तामाङलगायतले रक्तदान गरेका थिए।

*प्रमोद यादव, पंचगावाँ/*

सहज सेवा सीप विकास केन्द्रले पटेर्वासुगौली गाउँपालिका–१ गदियानी मदर्सा प्राङ्गणमा आयोजना गरेको रक्तदान कार्यक्रममा चारजना महिलासहित १८ जनाले रक्तदान गरेका केन्द्रका प्राविधिक जीतेन्द्र कुशवाहाले बताए। रगत अभाव भएपछि केन्द्रले रक्तदान कार्यक्रमको आयोजना गरेको संस्थाकी कार्यकारी निर्देशक सुम्मिताकुमारी चौधरीले बताइन्।

कार्यक्रममा श्रीकान्त चौधरी, रमेशराउत बरई, रामेश्वर चौधरी, विक्रम दास, अफताब आलम गद्दी, सञ्जीत साह कानू, रामकुमार चौधरी, अनिलराउत थारू, सन्तोषीकुमारी रामलगायतले रक्तदान गरेका संस्थाका संयोजक मुन्ना तिवारीले बताए।

वडाध्यक्ष फरमान मियाँ अन्सारीको अध्यक्षतामा भएको कार्यक्रममा इलाका प्रहरी कार्यालय पटेर्वासुगौलीका प्रहरी निरीक्षक रामराज केशरी, प्रहरी चौकी रङ्गपुरका प्रहरी सहायक निरीक्षक सुजित रायभर, वडासदस्य हैदर अलि अन्सारी, नारायण साहलगायतले मन्तव्य व्यक्त गरेका थिए।

## 'महिला नेतृत्व विकासका लागि सामूहिक ऐक्यबद्धता जरुरी'

जनकपुरधाम, २७ फागुन/रासस

महिलाको सर्वाङ्गीण विकासविना सभ्य परिवार, समाज र राष्ट्रको विकास सम्भव नहुने जनाउँदै धर्मगुरु तथा सामाजिक अगुवालगायतले महिला नेतृत्व विकासका लागि सामूहिक ऐक्यबद्धता जरुरी रहेको बताएका छन्।

दलित महिला केन्द्र नेपालको आयोजनामा शनिवार धनुषाको लालगढमा भएको लैङ्गिक समानता र महिला नेतृत्वसम्बन्धी धार्मिक, सामाजिक, शैक्षिकलगायत क्षेत्रका अगुवासँग भएको अन्तर्क्रियामा उनीहरूले महिलाको विकासका लागि आआफ्नो क्षेत्रबाट सहयोग गर्ने प्रतिबद्धतासमेत व्यक्त गरे।

महिला सबल नभए परिवार र परिवार बलियो नभए समाज र राष्ट्र नै कमजोर हुने भन्दै उनीहरूले लैङ्गिक तथा सामाजिक असमानता हटाउन तयार हुनुपर्नेमा जोड दिए। "महिला शक्ति कमजोर हुनु भनेको समाजका सबै क्षेत्र कमजोर हुनु हो। त्यसैले विगतका रूढिवादी मानसिकता बदलेर महिलाको सबल नेतृत्व विकासमा जोड दिनुपर्छ," उनीहरूले भने।

कार्यक्रममा धार्मिक अगुवा दुर्गाप्रसाद खनालले धर्मशास्त्र र विशेषगरी नारीशक्तिको पूजा गर्ने संस्कृति रहेको हिन्दू धर्मावलम्बीले त्यसलाई व्यवहारमा उतार्न जरुरी रहेको बताए। "महिला र पुरुषको सहकार्यविना समाज विकासको कल्पनासमेत गर्न सकिंदैन तर विगतमा सुझबुझको अभावमा महिलामाथि अन्याय भएको छ। त्यसैले अब हामी धर्मगुरुहरूले

(बाँकी पाँचौं पातामा)

## विचारसार र सूक्तिहरू

पीडा, रिस, माया, सम्बन्ध र भावना देखाउनुको साटो लुकाएर राखेको बेस ।


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : राजाप्रसाद कुर्मी (आरके)
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# खोरेत रोग र बच्ने उपाय

नेपालमा खोरेत रोगले पुऱ्याएको आर्थिक क्षतिबारे यकीन तथ्याङ्क छैन । किनभने यो रोग नेपालका हिमाली, पहाडी र तराईका पशुहरूमा बाऱ्है महीना लाग्ने गरेको छ । खोरेत गाई, भैंसी, भेडा, बाख्रा, सुङ्गुर, बङ्गुर, बँदेल, हात्तीलगायत खुरफट्टा जङ्गली जनावरमा देखा पर्ने भयानक सरुवा रोग पनि हो । यो रोग विभिन्न जातका जनावरमा एकैपटक देखा पर्न सक्ने भएपनि यो रोगबाट मर्ने जनावरहरूको सङ्ख्या भने थोरै मात्र हुने गरेको छ । खोरेत रोग नेपालमा बाऱ्है महीना तराई, पहाड र हिमाली जिल्लामा देखा परिरहन्छ र पशुको आवतजावत नै रोग प्रकोपको मूल आधार मानिएको छ । खोरेत रोग सात प्रकारका भएपनि नेपालमा भने तीन/चार प्रकारका खोरेत देखा परेका छन् । ए, ओ र एशिया–वान । केही समययता पान एशिया टोपो टाइप भाइरसका कारण वयस्क पशुहरूमा समेत रोग र मृत्यु दर बढी देखिएको छ । पान एशिया टोपो टाइप भाइरसबाट हालका दिनमा घातकरूपमा महामारी फैलिएको छ । रोगी पशुसित लसपस भएमा, रोगी पशुको ऱ्यालले दूषित बनाएको दानापानी खाएमा, रोगी पशुले फोहोर बनाएको भाँडाकुँडामा दानापानी खाएमा, रोगी पशुलाई राखेको खोरमा राखेमा, रोगी जनावरको काँचो दूध, मासु खाएमा र कुनै मानिस रोगी जनावरको सम्पर्कमा रहेको अवस्थामा निजको श्वासनलीभित्र २४ घण्टा खोरेत विषाणु बाँच्न सक्छ र रोग सार्न सक्छ ।

खोरेत लागेका पशुहरूले शुरूमा राम्ररी नखाने, मुख तथा गिजामा पानी पोका आउने र पछि फुटेर घाउ बन्ने, ऱ्याल काढ्ने, जिब्रोमा घाउ बन्ने, झोक्राउने, नउग्राउने, धेरै ज्वरो आउने, खुरको कापमा घाउ हुने, लङ्डाउने यो रोगका लक्षणहरू हुन् । खोरेत रोगका जीवाणुहरू अति सूक्ष्म हुन्छन् र थोरै समयमा धेरै सन्तान उत्पादन गर्ने क्षमतावान्का हुन्छन । खोरेत रोगका विषाणुहरू बाहिरी वातावरणमा लामो समयसम्म क्रियाशील रहन सक्ने हुनाले नै छोटो समयभित्र यसका विषाणुले पशुलाई रोगी तुल्याउने र विभिन्न जातका जनावरलाई एकैपटक आक्रमण गरेर महामारी ल्याउन सक्छन् । खोरेत लागेका पशुहरूको मुखको घाउ फिटकिरी पानीले सफा गर्ने, खुट्टामा घाउ छ भने पोटास पानी वा डिटोल वा नीलो वा १० प्रतिशत कपर सल्फेटको झोलले सफा गर्ने र मलम, औषधि लगाउने प्रारम्भिक उपचार विधि भएपनि अन्य उपचारहरूका लागि भने प्राविधिकको सहयोग लिनुपर्छ । पशु राखिएका गोठलाई सफा राख्ने र पशुलाई सकेसम्म खोरमा बाँधेरै राख्ने, खोरेत रोगको लक्षण देखा परेका पशुहरूलाई सम्भव भएसम्म बेग्लै राख्ने र उनीहरूले खाएका दानापानी अन्य पशुलाई नदिने, गाडेर नष्ट गर्नु राम्रो हुन्छ ।

खोरेत रोग सबैभन्दा बढी पहाडी जिल्लामा ६९ प्रतिशत, तराईमा २० प्रतिशत र हिमाली क्षेत्रका ११ प्रतिशत पशुहरूमा लाग्ने गरेको तथ्याङ्कले देखाएको छ । चेतना अभिवृद्धि, गाउँ र जिल्लास्तरका प्राविधिकहरूलाई तालीमको व्यवस्थासहितको कुशल रोग नियन्त्रण रणनीति अवलम्बन गर्दा कम लगानीमा खोरेतविरुद्धको अभियानमा सफलता पाउन सकिन्छ । आफ्ना पशुहरूलाई खोरेतविरुद्धको खोप अर्धवार्षिकरूपमा दिनुपर्छ । अहिले खोरेतविरुद्धको खोप पर्सा जिल्लाका विभिन्न पालिकाहरूमा दिने कार्य भइरहेको छ । तर पशु हाटबजारमा रोगी पशुमाथि रोक, बजारमा जैविक सुरक्षाका उपायहरूको अवलम्बन भने गरिएको छैन ।

# वीरगंजेली परिवेशमा शिक्षाको मङ्गलाचरण

शिक्षा नेपाल




अनन्तकुमार लाल दास
anantlaldas@gmail.com


**अधिकारका रूपमा मान्यता दिएमात्र सबैका लागि शिक्षाको अभियान सार्थकरूपमा सफल हुन सक्छ । आमूल परिवर्तनका लागि आँट र अठोट चाहिन्छ र त्यही रूपमा चाहिन्छ प्रस्ट दूरदृष्टि । सैद्धान्तिक प्रस्टताबेगर शिक्षा क्षेत्रमा युगान्तकारी परिवर्तन गर्न सकिंदैन ।**

यतिखेर जहाँ स्थानीय सरकार शिक्षामा सुधारका लागि प्रयत्नशील देखिन्छ त्यहीं शिक्षा क्षेत्रमा चलनचल्तीमा आएको शब्द हो–क्यारियर र पर्फर मेन्स । अभिभावकहरू कुनै पनि शर्तमा सम्झौता गर्न तयार छैनन् । उनीहरू बदलिंदो परिवेशका साथ आफ्ना आकाङ्क्षाहरू अनुवाद गर्न शिक्षाको बदलिंदो तस्वीर हेर्न चाहन्छन् । सबै वर्ग र तप्काका अभिभावकहरू चाहन्छन् आफ्ना सन्तानले गुणस्तरीय शिक्षा पाओस् । विद्यार्थीहरूमा सिर्जनशीलता प्रकट होस् र उनीहरूमा ज्ञानको भोक जागोस् । यसका लागि अनुकूल र सहज बाटो नयाँ शिक्षाले खोजी देओस् भन्ने अभिभावकहरूको चाहना रहेको छ । यसै सन्दर्भमा हामीले हाकाहाकी केही बहस गर्न खोजेका हौं ।

नयाँ शिक्षाद्वारा शिक्षाको स्वरूपमा परिवर्तन भन्ने कुरा चर्चामा आएको छ । बदलिंदो परिवेश अनुसार शिक्षा पनि फेर्नुपर्छ भन्ने कुरा उठिरहेको छ । आजको समाजमा नागरिकको वैयक्तिक स्वतन्त्रता र सम्प्रभुता स्वीकार गर्ने राज्यले अवधारणा बनाएको छ, जुन आवश्यक पनि छ । अधिकारका रूपमा मान्यता दिएमात्र सबैका लागि शिक्षाको अभियान सार्थकरूपमा सफल हुन सक्छ । आमूल परिवर्तनका लागि आँट र अठोट चाहिन्छ र त्यही रूपमा चाहिन्छ प्रस्ट दूरदृष्टि । सैद्धान्तिक प्रस्टताबेगर शिक्षा क्षेत्रमा युगान्तकारी परिवर्तन गर्न सकिंदैन ।

अहिलेसम्मको अवस्थामा शिक्षाको तस्वीर लाजमर्दो र डरलाग्दो छ । व्यक्तिलाई केन्द्रमा राख्ने उदारवादी दृष्टिकोण अँगाले मात्र शिक्षा विद्यार्थी केन्द्रित, समान र न्यायपूर्ण हुन सक्छ । शिक्षालाई व्यक्तिको अधिकार मानिएका थुप्रै राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिबद्धता, प्रावधान तथा कानूनी व्यवस्थाहरू छन् । अधिकार मान्नेबित्तिकै दुई पक्षको अस्तित्व सृजना हुन्छ–अधिकारवाला र दायित्ववाला । शिक्षा प्रत्येक व्यक्तिको अधिकार भएकोले व्यक्ति अधिकारवाला हो भने त्यसको परिपूर्ति गर्ने मूल दायित्व बोकेको सरकार दायित्ववाला हो । सरकारको दायित्व पूरा गर्न सघाउने जिम्मेवारी नागरिक समाज र अन्तर्राष्ट्रिय समुदायको हो । यद्यपि मूल दायित्व राज्यकै हो । शिक्षालाई अधिकार मानेपछि यसलाई पूरा गर्ने दायित्व सृजना हुन्छ । हामीले शिक्षाको नयाँ स्वरूपबारे बहस गर्दा शिक्षाको उपर्युक्त आशय पनि मनन गर्नुपर्ने हुन्छ ।

आज वीरगंजेली शिक्षाप्रति स्थानीय सरकार, शिक्षक, विद्यार्थी वा अभिभावक कोही पनि सन्तुष्ट छैन । उकुसमुकुस चारैतिर छ, त्यसैले शिक्षामा क्रान्तिको आवश्यकता महसूस गरिएको छ । हामी यस्तो शिक्षा खोजिरहेका छौं जुन जीवनोपयोगी होस् । आज शिक्षाको उद्देश्यमा पनि परिवर्तन भएको छ । आज शिक्षा अङ्क र अक्षर लेखपढ गर्नु मात्र हैन । समाजशास्त्री गोविन्द अधिकारीले भनेका छन्–"यथार्थमा शिक्षा भनेको जिन्दगी पढ्नु हो ।" वास्तवमा शिक्षा व्यक्तिमा निहित प्रतिभा प्रस्फुटन हुने अवसरको मूल ढोका हो । शिक्षामा व्यक्ति विकासको सम्भावनाको ढोका खोल्ने पक्ष पनि समावेश हुन्छ ।

एउटा विद्यार्थीको दृष्टिमा वर्तमानको शिक्षा उसको लागि व्यक्तित्व विकासको साधक होइन, दिशाहीन बनाउने, दिग्भ्रमित पार्ने र "जा–गीर" खाने परनिर्भरता बनाउने बाटो हो । अहिलेको शिक्षाबाट न उच्च चारित्रिक गुणको विकास हुन्छ न आत्मविश्वासकै । स्वावलम्बी शिक्षा भन्दा पनि वैदेशिक रोजगारबारे भ्रम सिर्जना गर्ने शिक्षाबाट बढी के पो हासिल गर्न सकिन्छ ? अहिलेको शिक्षाले केवल 'सुब्बासाहेब' भन्न मात्र सिकाउँदो रहेछ । शिक्षाले सिर्जनशीलता पैदा नै गर्दैन र जीवन–दृष्टिमा मोतियाबिन्दु प्रकट गरिदिन्छ ।

बिचरा शिक्षकहरू पनि प्रसन्न छैनन् । उनीहरूको अनुभवमा आजको शिक्षामा शिक्षाशास्त्रका सम्पूर्ण सिद्धान्तहरूको भयङ्कर अवहेलना भइरहेको छ । यसमा शिक्षक र विद्यार्थीबीच कुनै भावनात्मक सम्बन्ध छैन । आफ्ना अप्ठ्यारा, चुनौती र गलफाँसो परेका शिक्षकहरू विद्यार्थीको आवश्यकतातिर ध्यान पनि दिन सकिरहेका छैनन् । दूषित परीक्षा पद्धतिको चपेटामा परेका विद्यार्थीहरूसँग पारस्परिकताको अनुभव पनि गर्दैनन् । प्रायः देखिन्छ शिक्षक र विद्यार्थी दुई किनारका माझी हुन् वा दुई परस्पर विरोधी दलका लठैत, जो प्रायः भिड्न खोजिरहन्छन् ।

अभिभावकको हाल त झन् बेहाल छ । अभिभावकहरूको सोचाइमा यस शिक्षाले समानता र स्वतन्त्रताको उत्प्रेरणा गर्दैन । यसमा सामाजिक समस्याको कुनै अध्ययन हुँदैन । नयाँ समाज निर्माणका लागि युगान्तकारी बनाउने कार्य यस शिक्षाले गर्दैन । यस शिक्षाले जहाँ हाम्रा सन्तानका लागि उपयोगी शिक्षा दिंदैन भने शिक्षा पूरा नहुँदै बेरोजगारीको सुनामी ल्याइदिन्छ । वास्तवमा शिक्षाले समाजको समस्या सुल्झाउन सक्नुपर्छ, तर यहाँ त शिक्षा नै समाजका लागि समस्या बनिरहेको छ । शिक्षा विकास होइन, अवरोध बनिरहेको छ । यसले अल्झाउने भुमरीको काम गरिरहेको छ । शिक्षाले विद्यार्थी र शिक्षकबीच आत्मीयता त निर्माण गर्दै गर्दैन, बरु विद्यार्थीहरूलाई पनि अभिभावकबाट विमुख बनाउँछ । अभिभावकहरूले हसतक्षेप गर्ने र विद्यार्थीको शिक्षण कार्यमा सिर्जनशीलता थप्ने कुनै गुन्जाइस नै छैन ।

यसरी हामी के पाउँछौं भने विद्यार्थी, शिक्षक र अभिभावकको दृष्टिकोणमा शिक्षामा विभिन्न किसिमको खोट रहेको छ । यिनका चिन्तन तर्कहीन पनि छैन । शिक्षालाई नयाँ स्वरूप दिनका लागि पनि यी खोटहरूको लक्ष्मणरेखा उल्लङ्घन गर्नैपर्छ । यस्तो परिस्थितिमा हामीले नयाँ शिक्षाको चिन्तन र वातावरण निर्माण गर्नुपरेको छ र अन्ततः शिक्षामा क्रान्ति ल्याउनु छ । हामी के चाहन्छौं भने समाजको वातावरण वर्तमान शिक्षाको क्रम भङ्ग गर्ने खालको बनोस् । हामी विद्यार्थी, शिक्षक, अभिभावक, शिक्षाविद् र नागरिक समाज एक आपसमा सरसल्लाह गरी नयाँ शिक्षाको मङ्गलाचरण गरौं ।

नयाँ स्वरूप बोकेको शिक्षा नवीन समाजको द्योतक बनोस् । शिक्षामा क्रान्ति केवल शिक्षा क्षेत्रमा परिवर्तनका लागि हुनुहुँदैन किनभने शिक्षा समग्र समाजको अङ्ग हो । अतः शिक्षामा क्रान्ति एउटा समग्र क्रान्तिको अङ्गको रूपमा विकसित हुनुपर्छ । क्रान्तिपछि जुन शिक्षा प्रारम्भ हुन्छ त्यसमा विद्यार्थीहरूले अपनत्व अनुभूत गर्नेछन् र अभिभावकहरूले स्वामित्व । शिक्षकहरू आफूलाई सूत्रधार ठान्नेछन् र एउटा शैक्षिक परिवेश निर्माण हुनेछ, जसले प्रकारान्तरमा विद्यामुखी समाज निर्माण गर्नेछ । अनि मात्र ज्ञान प्राप्ति संस्कृतिको अभिन्न अङ्ग बन्न पुग्छ ।

यस विषयमा विभिन्न कोणबाट छलफल हुनुपर्दछ । विभिन्न कोणबाट मुद्दाको उठान हुनुपर्दछ । यस प्रकारको शिक्षाले विद्यार्थीहरूलाई यान्त्रिक बनाउने होइन, यसले विद्यार्थीहरूलाई कर्मवीर बनाउँछ । यसले विद्यार्थीहरूलाई आज जस्तो बजारको उत्पादन होइन, स्वयं बजारको अनुभूति गराउँछ । यसका लागि ससाना स्तरमा पनि गम्भीर छलफल हुनुपर्दछ । यस प्रकारको शिक्षाले पिद्यार्थी र शिक्षकबीच प्रेम, स्वतन्त्रता, सद्भाव र सहविकासको जीवित सम्बन्ध स्थापित गर्छ । शिक्षाबाट जीवनको उद्देश्य प्रस्ट हुन्छ । व्यक्तित्व विकास र जीवनोपयोगी कामको प्रत्यक्ष ज्ञान हुन्छ । समाजलाई अग्रगति दिने र शिक्षाको पाठ्यक्रम आकर्षित गर्ने खालका हुन्छ । यसमा परिस्थिति अनुसार परिवर्तनको लचिलोपना पनि हुन्छ । शिक्षा विद्यार्थीहरूलाई आत्मनिर्भर बनाउने र उद्यमशीलताको विकास गर्ने खालको हुनुपर्छ । यसबाट विद्यार्थीहरूमा स्वानुशासन र सामाजिकताको विकासको पूर्ण अवसर प्राप्त हुन्छ । यसरी आत्मनिर्भरता, समाज र राष्ट्रप्रतिको दायित्व, निरन्तर सिर्जनशीलता, लक्ष्यप्रति दृढता राख्ने पक्षहरू नयाँ पाठ्यक्रमबाट सिद्ध होस् ।

नयाँ स्वरूपको शिक्षामा विद्यार्थीहरूको मूल्याङ्कन उनीहरूको स्मरण शक्तिको आधारमा मात्र नभई समग्र विकासको आधारमा होस् । मूल्याङ्कनको यो परिपाटी आवधिक लिने परीक्षाको आधारमा नभई वर्षभरि नियमित मूल्याङ्कन अभिलेखको आधारमा हुनुपर्छ । हाल यसै शैक्षिक सत्रदेखि यो आन्तरिक मूल्याङ्कन पद्धति लागू गरिएको छ । तर कुनै पनि विद्यालयले यसलाई व्यवहारमा ल्याएको देखिंदैन । यसैगरी परीक्षाहरूको सम्बन्ध केवल जागीरसँग नहोस् र शिक्षा 'दास' मनोविज्ञानबाट मुक्त होस् । शिक्षाको प्रबन्ध स्थानीय सरकारले स्थानीय आवश्यकताको पहिचान गरेर गरोस् ।

शिक्षामा हामीले हेऱ्यौं, भोग्यौं गरीबका छोराछोरीहरू तीक्ष्ण बुद्धिका भएर पनि पछाडि धकेलिन्छन् । धनीका छोराछोरीहरू रकमको दबाबमा डिग्री हासिल गर्छन् । यस कारण समाजमा शिक्षाले गर्दा वर्ग विभेद निर्माण भयो । शिक्षाले नै समाजलाई वर्गमा विभाजित गऱ्यो । अबको शिक्षा पद्धति आफ्ना सम्पूर्ण नागरिकप्रति जिम्मेवार अधिकारमुखी अवधारणाको रूपमा आउनुपर्छ । सरकारले प्राथमिकता र प्रतिबद्धता यथार्थमा नै प्रकट गरेमा मात्र 'सबैका लागि शिक्षा' चरितार्थ हुन सक्छ । यसका लागि राजनीतक दलहरूले पनि शिक्षालाई भागबन्डाबाट टाढा राख्नुपर्छ । सबैको लागि शिक्षा सार्थक हुन सबैको शिक्षामा समान पहुँच कायम हुनुपर्दछ । यसको व्यवस्थापनमा विद्यार्थी, शिक्षक र अभिभावक पनि साझेदार रहनुपर्दछ किनभने शिक्षाले समाजमा गुणात्मक सुधार ल्याउन सकेन भने त्यसको सार्थकता रहँदैन ।

वर्तमान शिक्षाको विकल्पमा केही कोणबाट जुन मुद्दाहरूको उठान गरिएको छ त्यो फगत कल्पना हैन । केही प्रयोग र अनुभवका आधारमा उब्जेका पक्षहरू हुन् । वर्तमान शिक्षाको विकल्पको रूपमा नयाँ स्वरूपको शिक्षा नीतिबारे र त्यसको उपयोगिताको सान्दर्भिकताबारे जति बढी छलफल र मन्थन हुन्छ, त्यति नै यसको सामाजिक स्वीकार्यता बढ्छ । त्यसैले यी बहसहरूमा शिक्षा पत्रकार वा शिक्षक वा शिक्षाविद्हरूको मात्र हिस्सेदारी नभई बहसमा जति बढी अभिभावकको हिस्सेदारी हुन्छ, विद्यार्थी सङ्गठनहरूको समर्थन प्राप्त हुन्छ त्यतिकै यसलाई विवादमुक्त बनाउन सकिन्छ ।

राष्ट्र निर्माणको महत्त्वपूर्ण पाइलाको रूपमा नयाँ स्वरूपको शिक्षालाई हेरिएको छ । त्यस कारण यसमा शिक्षा पत्रकारहरूको महत्त्वपूर्ण भूमिका हुन जान्छ । बहसका विभिन्न कोणबारे जनतालाई सूसूचित गराउने, पक्ष विपक्षमा छलफल चलाउने, साझा सहमति बनाउने र एउटा सार्थक जनमत तयार गर्ने काममा शिक्षा पत्रकारहरू चुक्नुहुँदैन । यस सवालमा उठाइने विषयवस्तुहरू सनसनीखेज वा चटनी मार्काभन्दा चिन्तनमुखी हुनुपर्दछ । यी विषयहरू स्थानीयको स्वास्थ्य र स्वार्थसँग गाँसिएको हुनाले गम्भीरतापूर्वक विषय प्रवेश गराइनुपर्दछ । छलफल अहम् तुष्टिका लागि नहोस् त्यसप्रति सजग रहनुपर्दछ र बढीभन्दा बढी दृष्टिकोणहरूको प्रक्षेपण गरेर मतैक्यता निर्माण गर्ने काम शिक्षा पत्रकार र सञ्चार माध्यमहरूले गर्नुपर्दछ । वर्तमान समय शिक्षाको मङ्गलाचरणको बेला हो । हामी एउटा सार्थक बहस शुभारम्भ गरौं ।

# कार्यालय सहयोगीले नायबसुब्बाको परिचयपत्र झुन्ड्याउँदा ...

सिराहा, २७ फागुन/रासस

कृषि ज्ञान केन्द्र, सिराहामा करार सेवामा कार्यरत कर्मचारी अजयकुमार कर्णले किसानलाई अनुदानमा ट्याक्टर मिलाइदिने आश्वासन दिंदै लाखौं रकम असुल गरी फरार भएका छन् ।

अहिले पीडित किसान आफूहरूले अनुदानको ट्याक्टर पनि नपाएको र रकम फिर्ता नपाएको जनाउँदै चिन्तित भएका छन् ।

पीडितले रकम फिर्ता हुनुपर्ने माग राखेपछि कर्णले ट्याक्टर नपाउने सबैको रकम फिर्ता गरिदिने जनाउँदै विभिन्न मितिका नबिल र ग्लोबल आइएमई बैंकका चेक सहीछाप गरी पीडितलाई दिएका थिए । पीडितले पटकपटक बैंक जाँदा पनि उक्त खातामा रकम नभएको जानकारीपछि बैंकिङ कसूरसम्बन्धी जिल्ला प्रहरी कार्यालयमा बैंकको अनादार चेक रिपोर्टसहित निवेदन दिएका बताइएको छ ।

जिल्ला प्रहरी कार्यालय, सिराहाका अनुसार कर्ण फरार रहेको र खोजी जारी रहेको छ । सिराहा प्रहरी प्रवक्ता रवीन्द्रराज पाण्डेले फरार कर्णको 'केवाइसी' अध्ययन भइरहेको र प्राप्त निवेदनको आधारमा बैंकिङ कसूरसम्बन्धी मुद्दा दर्ता गरी कारबाई अगाडि बढाइने बताए ।

आफूहरूलाई प्रलोभनमा पारी रकम असुली गरिएको औरही गाउँपालिका–२ स्थित तुलसीपुरकी पुनिता महतोले बताइन् । उनले भनिन्–"ठगी गर्ने कर्ण चिनजानकै व्यक्ति हुन् । कृषि ज्ञान केन्द्रका कर्मचारी पनि भएकाले विश्वास गरी ट्याक्टर पाउने आसले अग्रीम अनुदानको आधा रकम बुझाइयो । तर अहिले न ट्याक्टर पाइयो, न रकम नै फिर्ता पाइयो ।" उनका अनुसार कर्णले गत कात्तिक १९ र २० गते नबिल र ग्लोबल आइएमई बैंकका चेक दिएका थिए । तर उक्त खातामा पर्याप्त रकम नभएको बैंकले बताएको थियो ।

महतोजस्तै सुखीपुर नगरपालिका–५ का राजकिशोर यादव पनि ठगी गरी कर्ण फरार भएपछि मानसिक तनावमा परेको बताउँछन् । यादवमार्फत सिराहाको औरही, अर्नामा, कल्यानपुर, मिर्चैया, बरियारपट्टी, लक्ष्मीपुर पतारीलगायत स्थानबाट ११ जनाले जम्मा रु ९६ लाख

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# सात महीनामा रु आठ खर्ब ३९ अर्ब विप्रेषण
# १२ महीनाको आयात धान्ने मुद्रा सञ्चिति

काठमाडौँ, २७ फागुन/रासस

चालू आर्थिक वर्ष २०८०/८१ को माघ मसान्तसम्ममा विप्रेषण आप्रवाह, चालू खाता, शोधनान्तर स्थिति, विदेशी मुद्रा सञ्चितिलगायतका सूचकहरू सकारात्मक देखिएका छन्।


तस्वीरः एजेन्सी

नेपाल राष्ट्र बैंकले आइतवार सार्वजनिक गरेको चालू आर्थिक वर्षको सात महीनाको तथ्याङ्कमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदन अनुसार माघ मसान्तसम्ममा विप्रेषण आप्रवाह २१ दशमलव छ प्रतिशतले वृद्धि भई रु आठ खर्ब ३९ अर्ब पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २७ दशमलव एक प्रतिशतले बढेको थियो।

अमेरिकी डलरमा विप्रेषण आप्रवाह १९ दशमलव एक प्रतिशतले वृद्धि भई अमेरिकी डलर छ अर्ब ३१ करोड पुगेको राष्ट्र बैंकले जनाएको छ। अघिल्लो वर्ष यस्तो आप्रवाह १६ दशमलव चार प्रतिशतले बढेको थियो।

माघ मसान्तसम्ममा वैदेशिक रोजगारका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको सङ्ख्या दुई लाख ४७ हजार १२ र पुनः श्रम स्वीकृति लिनेको सङ्ख्या एक लाख ५८ हजार ५४० रहेको छ।

चालू आर्थिक वर्षको सुरुआती सात महीनामा खुद ट्रान्सफर २० प्रतिशतले वृद्धि भई रु नौ खर्ब १० अर्ब ७४ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर २५ दशमलव दुई प्रतिशतले बढेको थियो। यो अवधिसम्ममा पूँजीगत ट्रान्सफर २९ प्रतिशतले कमी आई रु तीन अर्ब ८० करोड कायम भएको छ भने खुद प्रत्यक्ष वैदेशिक लगानी रु पाँच अर्ब १८ करोडले धनात्मक रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा पूँजीगत ट्रान्सफर रु पाँच अर्ब ३५ करोड कायम भएको थियो भने खुद प्रत्यक्ष वैदेशिक लगानी रु एक अर्ब चार करोडले धनात्मक रहेको थियो।

चालू खाता एवं शोधनान्तर स्थिति पनि सकारात्मक देखिएका छन्। चालू आर्थिक वर्षको माघ मसान्तसम्ममा चालू खाता रु एक खर्ब ६१ अर्ब ६९ करोडले बचतमा छ। अघिल्लो वर्षको सोही अवधिमा चालू खाता रु ४० अर्ब १६ करोडले घाटामा रहेको थियो। अहिले शोधनान्तर स्थिति रु दुई खर्ब ९७ अर्ब ७२ करोडले बचतमा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु एक खर्ब २८ अर्ब ५५ करोडले बचतमा रहेको थियो।

गत असार मसान्तमा रु १५ खर्ब ३९ अर्ब ३६ करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति पछिल्लो सात महीना अवधिमा १९ दशमलव नौ प्रतिशतले वृद्धि भई गत माघ मसान्तमा रु १८ खर्ब ४४ अर्ब ९४ करोड पुगेको छ।

कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति गत असार मसान्तसम्ममा रु १३ खर्ब ४५ अर्ब ७८ करोड रहेकोमा गत माघ मसान्तसम्म पुग्दा २० दशमलव सात प्रतिशतले वृद्धि भई रु १६ खर्ब २३ अर्ब ९२ करोड पुगेको छ। अहिले बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति रु दुई खर्ब २१ अर्ब दुई करोड रहेको छ। गत माघ मसान्तसम्मको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २२ दशमलव छ प्रतिशत रहेको राष्ट्र बैंकले जनाएको छ।

चालू आर्थिक वर्षको सुरुआती सात महीनाको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १४ दशमलव सात महीनाको वस्तु आयात र १२ दशमलव ३३ महीनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ।

माघ मसान्तसम्ममा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरू क्रमशः ३४ दशमलव तीन, १०२ दशमलव चार र २८ प्रतिशत रहेका छन्।

# सुनको मूल्यमा नयाँ रेकर्ड : तोलाको एक लाख २६ हजार

काठमाडौँ, २७ फागुन/रासस

नेपाली सुनचाँदी बजारमा सुनको मूल्यले नयाँ रेकर्ड बनाउनेक्रम जारी राखेको छ।

आइतवार छापावाल सुनको मूल्य प्रतितोला रु एक लाख २६ हजार तोकिएको छ। अघिल्लो दिन प्रतितोला रु एक लाख २५ हजारमा कारोबार भएको सुन आज प्रतितोला रु एक हजारले बढेर नयाँ उचाइमा पुगेको हो।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरण अनुसार आज तेजाबी सुनको मूल्य प्रतितोला रु एक लाख २५ हजार चार सय तोकिएको छ। यसको मूल्य अघिल्लो दिन प्रतितोला रु एक लाख २४ हजार चार सय थियो।

त्यस्तै, आज चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यका तुलनामा प्रतितोला रु पाँचले बढेर रु एक हजार ४७५ तोकिएको महासङ्घले जनाएको छ। महासङ्घले अन्तर्राष्ट्रिय बजारमा हुने सुन तथा चाँदीको कारोबार मूल्यका तुलनामा यहाँ दैनिक कारोबार मूल्य तोक्दै आएको छ।

अन्तर्राष्ट्रिय बजारमा हाल सुन प्रतिऔंस दुई हजार १७८ डलर आसपास कारोबार भइरहेको छ।


**खैरो गिद्धः** कृष्णपुर नगरपालिका-२ चुरे क्षेत्रमा रहेको सिस्ने सिमसारमा रूखमा बसेको खैरो गिद्ध। गिद्ध संरक्षणका लागि जनचेतनाका कार्यमा जोड दिन थालिएपछि पछिल्लो समय गिद्धको सङ्ख्यामा उल्लेख्यरूपमा वृद्धि भएको पाइएको छ। तस्बिर : राजेन्द्रप्रसाद पनेरू/रासस

# गैरखाद्यभन्दा खाद्य वस्तुको मूल्यवृद्धि बढी

काठमाडौँ, २७ फागुन/रासस

गत वर्षको तुलनामा यस वर्ष उपभोक्ता मुद्रास्फीति केही घटेको देखिए पनि गैरखाद्य वस्तुको तुलनामा खाद्य वस्तुको मुद्रास्फीति बढेको देखिएको छ।



नेपाल राष्ट्र बैंकले आइतवार सार्वजनिक गरेको चालू आर्थिक वर्षको सात महीनाको तथ्याङ्कमा आधारित 'मुलुकको वर्तमान आर्थिक तथा वित्तीय स्थिति' प्रतिवेदन अनुसार गत माघ महीनामा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति पाँच दशमलव ०१ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही महीनामा यो मुद्रास्फीति सात दशमलव ८८ प्रतिशत थियो।

राष्ट्र बैंकका अनुसार माघ महीनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति छ दशमलव ५१ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति तीन दशमलव ८५ प्रतिशत रहेका छन्।

खाद्य तथा पेय पदार्थ समूह अन्तर्गत मरमसला उपसमूहको वार्षिक बिन्दुगत मूल्य सूचकाङ्क ३२ दशमलव ११ प्रतिशत, दाल तथा गेडागुडीको ११ दशमलव १५ प्रतिशत, दुग्ध पदार्थ तथा अन्डाको १० दशमलव ७८ प्रतिशत, खाद्य तथा खाद्यजन्य पदार्थको नौ दशमलव ०६ प्रतिशत र तरकारीको सात दशमलव ५८ प्रतिशतले बढेका छन्। घ्यू तथा तेल उपसमूहको वार्षिक बिन्दुगत मूल्य सूचकाङ्क भने १२ दशमलव ३३ प्रतिशतले घटेको छ।

गैरखाद्य तथा सेवा समूह अन्तर्गत मनोरञ्जन तथा संस्कृति उपसमूहको वार्षिक बिन्दुगत मूल्य सूचकाङ्क १२ दशमलव ६१ प्रतिशत, विविध वस्तु तथा सेवाको नौ दशमलव १५ प्रतिशत र शिक्षाको सात दशमलव ३१ प्रतिशतले बढेका छन्। यातायात उपसमूहको वार्षिक बिन्दुगत मूल्य सूचकाङ्क भने एक दशमलव ४१ प्रतिशतले घटेको छ।

माघ महीनामा काठमाडौँ उपत्यकाको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति चार दशमलव ९६, तराईको चार दशमलव ७१, पहाडको पाँच दशमलव ५८ र हिमालको पाँच दशमलव ४४ प्रतिशत रहेका छन्। अघिल्लो वर्षको सोही महीनामा उक्त क्षेत्रहरूको यस्तो मुद्रास्फीति क्रमशः आठ दशमलव ४७, सात दशमलव ८२, सात दशमलव ३० र सात दशमलव ९२ प्रतिशत रहेका थिए।

# मिथिला माध्यमिक परिक्रमा शुरू

नितेश कर्ण, वीरगंज, २७ फागुन/

मिथिला माध्यमिक परिक्रमा आइतवारदेखि शुरू भएको छ।

मिथिलाको ऐतिहासिक, पौराणिक र धार्मिक आस्थाको धरोहरको रूपमा रहेको परिक्रमा १५ दिनसम्म चल्नेछ।


तस्वीरः प्रतीक

यस परिक्रममा १३३ किलोमिटरको पदयात्रामा नेपाल र भारतका विभिन्न स्थानबाट ठूलो सङ्ख्यामा साधुसन्त र गृहस्थ आश्रमका श्रद्धालुहरूको सहभागिता हुने गर्छ।

फागुन कृष्णपक्षको औंसीमा धनुषाको ठेरा कचुरीमठबाट भगवान् राम र माता जानकीको डोलासहित परिक्रमा शुरू हुन्छ। आइतवार राति धनुषाको हनुमाननगरमा विश्राम गरेर परिक्रमामा सहभागी साधुसन्त तथा श्रद्धालुहरू सोमवार बिहान पूजापाठ गरी भारत, बिहारस्थित कल्याणेश्वरको लागि प्रस्थान गर्नेछन्।

प्राचीन मिथिलाको राजधानी जनकपुरको चारैकुनामा स्थापना भएका चार शिवालय कलानेश्वर जलेश्वर, क्षीरेश्वर र सप्तेश्वरनाथलाई आधार मानी परिक्रमा गर्ने परम्परा रहेको छ।

**समाजलाई जोड्न धार्मिक, सांस्कृतिक परम्परा महत्त्वपूर्ण माध्यम - पूर्वराष्ट्रपति**

जनकपुरधाम/रासस

पूर्वराष्ट्रपति डा रामवरण यादवले समाजलाई जोड्नका लागि धार्मिक, सांस्कृतिक परम्परा महत्त्वपूर्ण माध्यमका रूपमा रहेको बताएका छन्।

मिथिला क्षेत्रको महत्त्वपूर्ण सांस्कृतिक पर्व मिथिला माध्यमिकी परिक्रमाको आज शुभारम्भ गर्दै पूर्वराष्ट्रपति डा यादवले माध्यमिकी परिक्रमा मिथिलाको सांस्कृतिक र ऐतिहासिक पहिचानसँग जोडिएकोले यसले समाजलाई जोड्ने काम गरिरहेको बताए।

"मिथिलाको सांस्कृतिक इतिहास हजारौं वर्ष पुरानो छ। यो यहाँको सभ्यता र पहिचान पनि हो। त्यसैले यसको संरक्षणका लागि सबैले भूमिका खेल्न जरुरी छ," पूर्वराष्ट्रपति डा यादवले भने।

कार्यक्रममा मधेस प्रदेशका उद्योग, पर्यटन तथा वातावरणमन्त्री सुनीता यादवले मिथिला माध्यमिकी परिक्रमा क्षेत्रको व्यवस्थित विकासका लागि गुरुयोजना बनाएर काम गर्ने गरी प्रक्रिया अगाडि बढेको बताइन्। उनले परापूर्वकालदेखि चलिआएको माध्यमिकी परिक्रमा संस्कृतिलाई व्यवस्थित बनाउन, परिक्रमा क्षेत्रका ऐतिहासिकस्थललाई राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्पदाका रूपमा विकास गर्नुपर्ने आवश्यकतासमेत औँल्याइन्।

कार्यक्रममा नेकपा (माओवादी केन्द्र) का केन्द्रीय सल्लाहकार नन्दकिशोर यादव, मिथिला बिहारी नगरपालिकाका प्रमुख राजेन्द्रप्रसाद यादवलगायतले मिथिला मध्यमिकी परिक्रमा स्थल वडा नं ८ कचुरीस्थित मिथिला बिहारी मन्दिरको संरक्षण र विकासका लागि सबै तहका सरकार र निकायलाई आग्रह गरे।

नेपालका ११ र भारतका चारसहित विभिन्न १५ स्थानमा विश्राम गरी १३३ किलोमिटर पैदलयात्रा गर्ने यो पर्वलाई यहाँ विशेष महत्त्वका साथ लिने गरिन्छ। 'जय सियाराम जय जय सियाराम'को मन्त्रसहित आज धनुषाको मिथिला बिहारी मन्दिरबाट झाँकी, कीर्तनसहित श्रद्धालुहरूले यात्रा प्रारम्भ गरे।

सहभागीहरू परम्परागत बाजागाजा, झाँकीसहित मौलिक पहिरनमा सहभागी भएका छन्। १८औं शताब्दीदेखि धार्मिकयात्रालाई माध्यमिकी परिक्रमाका रूपमा मनाइँदै आइएको र यो धार्मिक यात्रा १५ दिनभित्र जनकपुरमा होली खेलेर फागु पूर्णिमा तिथि पारेर समापन गर्ने परम्परा रहेको मिथिला बिहारी मन्दिरका महन्त रामनरेश शरणले जानकारी दिए।

# गोलीसहित दुईजना युवक पक्राउ

नितेश कर्ण, वीरगंज, २७ फागुन/

जिल्ला प्रहरी कार्यालय, सर्लाहीले चार राउन्ड गोलीसहित दुईजना युवकलाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा सर्लाहीको मलङ्गवा नगरपालिका-१ भेडिया बस्ने २१ वर्षीय पोसन महरा राम र बाग्मती नगरपालिका-८ बस्ने २४ वर्षीय रञ्जीत राम रहेको जिल्ला प्रहरी कार्यालय, सर्लाहीले जनाएको छ।

शनिवार साँझ बाग्मती-१० सोल्टी नहरस्थित अस्थायी प्रहरी पोस्ट, सोल्टी, सर्लाहीबाट विशेष सूचनाको आधारमा खटेको प्रहरी चेकिङ टोलीले शङ्करपुरबाट सोल्टीतर्फ आउँदै गरेको बिआर ३० डब्लू ५८८३ नम्बरको मोटरसाइकललाई चेकजाँच गर्दा पोसनको साथबाट आठ एमएम लेखिएको चार राउन्ड गोली बरामद गरेर इलाका प्रहरी कार्यालय, बरहथवामा ल्याइ अनुसन्धान गर्दै जाँदा



रञ्जीतलाई घरबाट नियन्त्रणमा लिएको प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक दीपेन्द्र पञ्जियार थारूले जानकारी दिए।

यस सम्बन्धमा थप अनुन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय, सर्लाहीले जनाएको छ।

# कृषिबाटै करोडपति

धरान (सुनसरी), २७ फागुन/रासस

कृषि क्षेत्रमा 'सम्भावना नभएको' भन्दै खेतबारी बाँझै राखेर विदेश पलायन हुने युवापुस्ताको सङ्ख्या ठूलो छ। देशमै पनि गाउँको उर्वर खेतबारी चट्ट छाडेर शहरतिर मजदुरी गर्नेहरू उत्तिकै छन्। धरानको वसन्तटारका कृष्ण राई भने कृषि पेशामै ठूलो सम्भावना रहेको देख्छन्।

कृषिबाटै नाम र दाम कमाएका उनी भन्छन्–"अल्छी गर्नेलाई कतै सम्भावना छैन, जाँगर हुनेलाई कृषिमा सम्भावनै सम्भावना छ"–सोताङ अर्गानिक कृषि फर्म खोलेर तरकारी र फलफूल खेतीसँगै कुखुरा, बाखा, बङ्गुरदेखि गाईसम्म पालेका राईले यसैबाट वार्षिक करोडौंको कारोबार गर्दै आएका छन्। कृषिबाटै उनले करोडौंको जग्गा–जमीन जोडेका छन्, भव्य घर बनाएका छन्। कृषिबाट उनी आफूले मात्र कमाएका छैनन्, अरूलाई पनि रोजगार दिएका छन्।

कृषिकर्मबाटै उनले धरानमा अढाई बिघा जग्गा जोडेका छन् भने बराह क्षेत्रमा करीब १५ बिघा किनिसकेका छन्। ती जग्गामा कतै विभिन्न तरकारी र फलफूल लगाएका छन् भने कतै ठूलो मात्रामा सयौं प्रजातिका फूलको नर्सरी बनाएका छन्। उनको गोठमा ५५ वटा गाई छन्। ती गाईबाट उत्पादन भएको दूध धरान बजारमा दैनिक पाँच सय लिटर बिक्री हुन्छ।

त्यस्तै उनको खोरमा अहिले १० वटा बङ्गुरका माउ छन्। तिनबाट उत्पादन भएका बच्चा बेच्छन् भने मासुका लागि पालिएका बङ्गुर पनि बेच्छन्। उनले कुखुरा, हाँसलगायत पक्षी पनि पालेका छन्। घरैमा उनले माटोविना साग फलाउन सकिने हाइड्रोफोनिक प्रविधिबाट सागको खेती गरेका छन् भने त्यससँगै माछा पनि पालेका छन्।

उनको सोताङ अर्गानिक कृषि फर्ममा राईका बुबा, आमा, पत्नी र छोराले पनि सहयोग गर्छन्। त्यसबाहेक उनले १६ जनालाई रोजगार दिएका छन्। हालसम्म कृषि क्षेत्रमा उनको लगानी करोडौं पुगिसकेको छ। उनले धरान–७ शान्तिपथमा तरकारी तथा फलफूल बिक्री गर्न पसल पनि सञ्चालन गरेका छन्। त्यसबाहेक घरमै किन्न आउनेहरू पनि उत्तिकै हुन्छन्। तरकारी, फलफूल तथा पशुपालनबाट मासिक रु १२ लाखको हाराहारीमा कमाइ भइरहेको उनस बताउँछन्।

**५५ रुपियाँबाट शुरु**



अहिले करोडौंको लगानी पुगेको राईको कृषि फर्मको सुरुआत भने जम्मा ५५ रुपियाँबाट भएको थियो। उनी भन्छन्–"शुरूमा ५५ रुपियाँ लगानी गरेर कृषि क्षेत्रमा लागेको थिएँ, त्यही फैलिँदै अहिले करोडौंको भएको हो।"

सामान्य आर्थिक अवस्थाका कृष्णको परिवारसँग पहिले जम्मा छ कट्ठा जग्गा मात्र थियो। त्यसैमा बुबाले परम्परागत कृषि कर्म गर्दै आएका थिए। खासै राम्रो उब्जनी हुँदैनथ्यो। त्यसबाट जीवन धान्न मुश्किल थियो। करीब २६ वर्ष अघि कृष्णले विद्यालयबाट फर्किने क्रममा बाटोमा एकजना मान्छेले काँक्राको बीउ किनिरहेको देखे। त्यसपछि बीउ बेच्नेसँग सोधखोज गर्दा राम्रो फल्ने काँक्राको बीउ हो भन्ने जानकारी पाए। "त्यसपछि मैले पनि १० रुपियाँमा १८ वटा काँक्राको बीउ किनेर ल्याएँ"–उनी सम्झन्छन्–"त्यो बीउलाई मलजल गर्दा जम्मा लगानी ५५ रुपियाँ पुगेको थियो। त्यसबाट फलेका काँक्रा बिक्री गर्दा ५५० रुपियाँ कमाएँ। त्यहींबाट कृषिमा सम्भावना रहेछ भन्ने बुझेर लागिपरेको हुँ।"

कृषिलाई परम्परागतबाट आधुनिक तरीकाले अघि बढाउने सोच भएपनि तालीमको अवसर थिएन। उनका लागि त्यस बेला रेडियो नेपाल र नेपाल टेलिभिजनबाट प्रसारण हुने कृषि कार्यक्रम नै तालीम बने। ती कार्यक्रम नियमित सुन्ने र हेर्ने गर्न थाले। पत्रपत्रिकामा कृषिका समाचार देख्ने बित्तिकै पढ्न थाल्थे। उनी भन्छन्–"कसैले खेतीपातीका विषयमा कुरा गरेको सुन्ने भने ध्यान दिएर सुन्थें, कतै पत्रपत्रिकामा कृषिबारे लेखिएको भेटे, घरमा ल्याएर मज्जाले पढ्थें। मेरा गुरुहरू तिनै थिए।"

खेती र पशुपालन गर्दा समस्या नआउने कुरै भएन, उनले पनि धेरै रोग र विभिन्न समस्या भोगे तर समस्यासँग कहिल्यै हार मानेनन्। यसरी सिक्दै अघि बढाएको कृषि कर्म अहिले उनी अरूलाई पनि सिकाउँछन्। उनले केही वर्ष अघि वसन्तटारमा रु ८५ लाख लगानी गरेर आधुनिक कृषि तालीम केन्द्रका लागि भवन निर्माण गरेका छन्। कृषिसम्बन्धी विभिन्न तालीम यसैमा सञ्चालन गर्छन्। उनको कृषि फर्ममा अध्ययन भ्रमणमा टाढादेखिका कृषक पनि आउने गरेका छन्। उनी भन्छन्–"अहिले खेतीपाती र पशुपालन गर्ने तरीका मात्र होइन, आफ्ना उत्पादनको कसरी बजारीकरण गर्ने भन्ने विषयमा प्रशिक्षण पनि दिँदै आएको छु।"

**अर्गानिक गाउँ**

धरान उपमहानगरपालिका–४ मा पर्ने वसन्तटार गाउँ अर्गानिक खेतीका लागि चर्चित छ। यो गाउँमा कृषिको व्यवसायीकरणमा कृष्णको ठूलो योगदान छ। उनकै प्रेरणाले गाउँभर अहिले कृषि फर्महरू खुलेका छन्। कृषिबारे बुझ्न आउनेहरूका लागि यो गाउँ पाठशाला जस्तै बनेको छ।

कृष्णले आफ्नो खेतबारी मात्र होइन पूरा गाउँलाई नै अर्गानिक बनाउन निकै मिहिनेत गर्नुपरेको थियो। अन्य गाउँलेले जस्तै कृष्णले पनि शुरुका वर्षमा धेरै उत्पादन हुने लोभमा खेतीमा रासायनिक मल र विषादी प्रयोग गरेका थिए। तर केही वर्षमा माटोको उर्वराशक्ति हराएर उब्जनी घट्न थाल्यो। त्यसपछि उनले किन यस्तो भयो भनेर कारण खोजे। धेरैतिर बुझ्दा थाहा भयो–रासायनिक मल र विषादीको प्रयोगले माटोको उर्वराशक्ति नै हराउने रहेछ।

बारीमा रासायनिक मल र विषादी प्रयोग गरेर आफैंले गलती गरेको महसुस गरी उनले त्यसलाई सुधार्ने वाचा गरे। तर बिग्रिएको माटो सुधार गर्नु त्यति सजिलो थिएन। त्यसका लागि निकै मिहिनेत गर्नुपरेको उनको अनुभव छ। माटो सुधारका लागि त्यसपछि कृष्णले आफैं जैविक मल उत्पादन गर्न थाले। जैविक वनस्पतिकै विषादी बनाए। जैविक मल र विषादी बनाउने काम अहिले पनि गरिरहेका छन्। उनी भन्छन्–"रासायनिक मल र विषादी हाल्नुहुन्न भन्ने बुझेपछि म अर्गानिक खेतीका अभियन्ता बनेको हुँ।"

अर्गानिक खेती गर्नका लागि आफ्नो बारीमा मात्र रासायनिक मल र विषादी प्रयोग नगरेर हुने अवस्था थिएन। उनी भन्छन्–"मैले मेरो बारीमा त रासायनिक मल र विषादी प्रयोग गरिनँ तर गाउँमा अरूले प्रयोग गरेपछि त्यसको असर मेरो बालीमा पनि पर्ने रहेछ। त्यसो हुँदा अर्गानिक खेती गर्न सम्भव नदेखिएपछि अरूलाई पनि बुझाउने कोशिश गरें र सफल पनि भएँ।"

अहिले उनको अनुसरण गर्दै वसन्तटार गाउँका १५० घरधुरीले अर्गानिक खेती गर्छ। त्यसमध्ये ५५ घरको मुख्य आम्दानीको स्रोत अर्गानिक कृषि नै रहेको उनी बताउँछन्। वसन्तटार अहिले कृषि अभियन्ताहरूका लागि सिकाइको थलो बनेको छ। कृषिबाट राम्रो आम्दानी गर्नुका साथै अरूका लागि प्रेरणाका स्रोतसमेत बनेका कृष्णलाई विभिन्न सङ्घसंस्थाले सम्मानसमेत गरेका छन्। परिवारसहित कृषिमै रमाइरहेका राई भन्छन्–"कृषिमा अलि मेहनत आवश्यक पर्छ तर सम्भावनै छैन भन्ने कुरा गलत हो। पलायन हुनुभन्दा युवाहरूले आफ्नै ठाउँमा पसिना बगाए देश समृद्ध बन्छ, कसैले पनि परिवार पाल्न विदेश भौंतारिनुपर्ने अवस्था आउँदैन।"

# नेप्से परिसूचकमा दोहोरो अङ्कको वृद्धि

काठमाडौं, २७ फागुन/रासस

यो साता कारोबारको पहिलो दिन आइतवार नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको वृद्धि देखिएको छ। आज नेप्से परिसूचक २२ दशमलव १० अङ्कले बढेर दुई हजार ५२ दशमलव ६५ को बिन्दुमा कायम भएको हो।

आज ३०४ कम्पनीका ७० लाख ४३ हजार ४५७ कित्ता शेयर ५६ हजार ७२६ पटक खरीद–बिक्री हुँदा रु दुई अर्ब ९२ करोड २७ लाख ७१ हजार ५५८ बराबरको कारोबार भएको छ।

जलविद्युत् समूहको उपसूचक शून्य दशमलव १२ प्रतिशतले घटेको छ भने अरू सबै समूहका उपसूचक बढेका छन्। सबैभन्दा धेरै लघुवित्त समूहको उपसूचक चार दशमलव २१ र जीवन बीमा समूहको उपसूचक एक दशमलव ८४ प्रतिशतले बढेका छन्। बैकिङ समूह शून्य दशमलव ७४, विकास बैंक एक दशमलव ०८, वित्त समूह एक दशमलव ४०, होटल तथा पर्यटन एक दशमलव १२ र लगानी समूह एक दशमलव २६ प्रतिशतले बढेका छन्। त्यसैगरी, उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ९१, म्युचुअल फन्ड एक दशमलव ०१, निर्जीवन बीमा एक दशमलव ३४, व्यापार शून्य दशमलव ६५ र अन्य समूह शून्य दशमलव २८ प्रतिशतले बढेका छन्।

विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र जालपा सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै घट्नेमा भने चिर्खुवा हाइड्रोपावर लिमिटेडको शेयर मूल्य सात दशमलव ०६ र पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्य छ दशमलव ९५ प्रतिशतले घटेका छन्।

कारोबार रकम र कारोबार भएको शेयर सङ्ख्याका आधारमा आज सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको रु २२ करोड ९३ लाख २५ हजार ६४३ बराबरको चार लाख ३० हजार १३१ कित्ता शेयर किनबेच भएका छन्।



**मिथिला बिहारी मन्दिरमा दर्शनार्थीको भीड:** धनुषाको मिथिला बिहारी नगरपालिका–८ कचुरीस्थित मिथिला बिहारी मन्दिरमा दर्शनार्थीको भीड। यो मन्दिरबाट आजदेखि १५ दिने लामो मिथिला माध्यमिकी परिक्रमाको डोला निकालिँदैछ। तस्विर: अमरेन्द्रकुमार यादव/रासस

## फरक समाचार

# खराब निद्रा र घुर्ने बानीले दिमागको नसा कमजोर हुने

रातिको निद्रा स्वास्थ्यको लागि निकै आवश्यक हुन्छ। यसलाई बेवास्ता गर्दा थुप्रै गम्भीर रोग लाग्छ। हालै एम्सको न्युरोलोजी विभागले गरेको अध्ययनले अब्सट्रक्टिभ स्लिप एपनिया (ओएसए) को लक्षण–निद्राको खराब गुणस्तरले, मस्तिष्कमाथि गलत प्रभाव पार्ने बताएको छ।



अध्ययनमा ५० वर्ष बढी उमेर आयुका ४९ प्रतिशत महिलासहित ६७९५ जनाको तथ्याङ्क विश्लेषण गरिएको थियो। विश्लेषण अनुसार ओएसएले मस्तिष्कको त्यस भागको कोशिकालाई कमजोर बनाउने काम गर्छ, जहाँ स्मरण सङ्ग्रहित रहन्छ, स्मरण प्रोसेस हुन्छ।

**के हो ओएसए:** जोन्स हपकिन्स मेडिसिन अनुसार अब्ट्रक्टिभ स्लिप एपनिया तब हुन्छ जब निद्राको क्रममा सास फेर्दा पूरै निद्राको अवधिको दौरान प्रतिघण्टा कमसेकम पाँचपटक (औसतन) १० सेकेन्डभन्दा बढी समयसम्म रोकावट अनुभव हुन्छ। यो एउटा जेनेटिक समस्या हो। यसको अलावा यसको जोखिम त्यस्ता व्यक्तिमा बढी हुन्छ, जो क्रोनिक नाक बन्द, थायराइड विकार, मेनोपोज, मोटोपन, टाउको र घाँटीलाई सहारा दिने उतकमा खराबी, डाउन सिन्ड्रोमबाट पीडित र धूमपान गर्छन्।

**लक्षण:** कसैकसैलाई लक्षण देखिँदैन जबकि कसैलाई यो समस्या घुर्ने बेलामा, बिहान टाउको दुखाइ, दिनमा पटक–पटक निद्रा लाग्ने, चिडचिडापन, अवसाद, याद राख्न समस्या जस्ता लक्षण देखिन्छ।

अनुसन्धानकर्ताका अनुसार राम्रो निद्रा सुत्नुपर्छ। एकै समयमा सुत्ने र उठ्ने बानी बसाल्नुपर्छ। रक्सी, कैफिन, निकोटिन र अन्य उत्तेजक पदार्थको सेवन कम गर्नुपर्छ। विशेषरूपले दिउँसो २ बजेपछि, साँझ वा राति मेडिटेशन गर्ने, मस्तिष्कलाई आराम दिने व्यायाम गर्नुपर्छ। सुत्नुभन्दा तीन घण्टा पहिले खाना खानुपर्छ। राति बढी पिरो, अमिलो र मसालायुक्त खानेकुरा खानुहुँदैन।

# मोबाइलको कारण बच्चामा हुँदैछ टिएसपीको समस्या

बालबालिकालाई मोबाइलको लत लागेपछि उनीहरूलाई न खेल्न मन लाग्छ, न घुम्न। दिनभरि मोबाइलमा गेम अथवा भिडियो हेरेर समय बिताउने गर्छन्। एउटा नयाँ अध्ययन अनुसार धेरै समयसम्म मोबाइल फोनको प्रयोग गर्ने बालबालिकालाई पिठ्युँ दुःखाइ, आँखाको समस्या, खराब पोस्चर, माइग्रेन आदिको समस्या हुने गरेकोमा अब मोबाइलको कारण उनीहरूलाई टिएसपीको समस्या भइरहेको छ।



साइन्टिफिक जर्नलमा प्रकाशित एउटा रिपोर्ट अनुसार जो बालबालिका प्रतिदिन तीन घण्टाभन्दा बढी समय मोबाइल हेर्नमा बिताउँछन् उनीहरूलाई कमर दुखाइ वा खराब पोस्चरको समस्या हुन्छ। यो अध्ययन थोरैसिक स्पाइन पेन (टिएसपी)माथि फोकस थियो। थोरैसिक स्पाइन छातीको पछाडि हुन्छ, जुन घाँटी र काँधको ब्लेडको बीचदेखि तल कम्मरसम्म फैलिएको हुन्छ। यस सर्भेमा १४–१८ वर्षका १६२८ जना बालबालिका सहभागी भएका थिए। केटाको तुलनामा केटीहरू टिएसपीबाट बढी प्रभावित भएका थिए। कोरोनाकालमा बच्चालाई घरमै समय बिताउनुपर्दथ्यो। त्यसकारण उनीहरूले मोबाइलको निकै प्रयोग गरे। जसको कारण टिएसपीको समस्या वृद्धि भएको छ। करीब १५–३५ प्रतिशत वयस्क र १३–३५ प्रतिशत बच्चा टिएसपीबाट ग्रसित छन्।

**कसरी बच्ने:** थोरैसिक स्पाइन पेनबाट बच्नको लागि कसरत गर्नुपर्छ। योग र कैयौं पोस्चर वा आसन छ, जसबाट यस दुःखाइबाट बच्न सकिन्छ। जस्तै बटरफ्लाई स्ट्रेच, ओभरहेड शोल्डर स्ट्रेच आदि। आवश्यकता परेपछि मात्रै स्मार्टफोन प्रयोग गर्ने तथा समय समयमा मोबाइल फोनबाट टाढै बस्नुपर्छ।

# ह्वाट्सएपमा आइपी प्रोटेक्ट फिचर

डिजिटल संसारमा आफ्नो गोपनीयता कायम राख्नुपर्छ। यसैकारण ह्वाट्सएपको नयाँ फिचर आइपी प्रोटेक्ट निकै काम लाग्छ। यस फिचरले ह्वाट्सएप कलको दौरान प्रयोगकर्ताको आइपी एड्रेस लुकाउँछ जसबाट फोन गर्ने व्यक्तिले सजिलै हाम्रो लोकेशन ट्र्याक गर्न सक्दैन।



**के हो आइपी प्रोटेक्ट:** ह्वाट्सएपमा कुराकानीको क्रममा दुईजना प्रयोगकर्ता सीधै जोडिन्छन् तर यस फिचरले कललाई ह्वाट्सएपको सर्भरको बाटोबाट पठाउँछ। यसमा एक अतिरिक्त सुरक्षा लेयर जोडिन्छ। अनलाइन प्राइभेसीलाई ध्यानमा राख्न चाहनुहुन्छ भने आइपी प्रोटेक्ट फिचर अन गर्नु समझदारी हुन सक्छ। त्यसको लागि यो फिचर अन गर्नुपर्छ।

सबैभन्दा पहिले स्मार्टफोनमा ह्वाट्सएप खोल्नुस्, त्यसपछि माथि दायातर्फ तीनवटा बिन्दुमा क्लिक गरेर मेनु खोल्नुहोस्, त्यहाँ सेटिङ सेलेक्ट गर्नुहोस् र त्यसपछि प्राइभेसी सेक्सनमा जानुहोस्। तल स्क्रोल गरेपछि एड्भान्स अप्सनमा क्लिक गर्नुहोस्। यहाँ प्रोटेक्स आइपी एड्रेस इन कल अप्सन अन गर्नुहोस्। यो फिचर अन गरेपछि जोसँग तपाईं ह्वाट्सएपमा कुराकानी गरिरहनुभएको थियो त्यसको लोकेशन पत्ता लाग्दैन। यद्यपि यो फिचरबाट कलको क्वालिटीमाथि असर पर्न सक्छ किनभने यो दुई डिभाइसको बीच सीधा कनेक्ट नभई ह्वाट्सएपको सर्भरको माध्यमबाट कनेक्ट हुन्छ। – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## राजनीतिक बैठकमा भिपिएनको प्रयोग नियन्त्रणबारे बहस

बेइजिङ, २७ फागुन/एएफपी
चीनले यसै साता एक शीर्ष



चीनको एउटा इन्टरनेट क्याफेमा इन्टरनेटको उचित प्रयोग सम्बन्धमा चिनियाँ प्रहरीको सन्देशसहितको मोनिटर डिस्प्ले नजीकै बसिरहेका कम्प्युटर प्रयोगकर्ता। तस्वीरः एजेन्सी/फाइल

राजनीतिक बैठकमा इन्टरनेट प्रयोगकर्ताहरूलाई प्रतिबन्धित वेबसाइटहरूमा पहुँच प्रदान गर्ने सफ्टवेयरलाई नियन्त्रण (ब्लक) गर्ने प्रयासलाई तीव्रता दिएको सफ्टवेयरको अग्रणी प्रदायक फायरवाल–लिपिङले एएफपीसँग बताएको छ।

इन्टरनेटमा विश्वका अन्य मुलुकको तुलनामा बेइजिङले बढी नै नियन्त्रण (सेन्सरशिप) गर्ने गर्छ। चीनको मुख्यभूमि वेब प्रयोगकर्ताहरूले 'भर्चुअल प्राइभेट नेटवर्क (भिपिएन)' प्रयोग नगरी गूगलदेखि समाचार वेबसाइटहरूमा सबै प्रकारका पहुँच प्राप्त गर्न असमर्थ छन्।

भिपिएन प्रयोग र इन्टरनेट नियन्त्रण विषयले यस हप्ता वार्षिकरूपमा आयोजना हुने 'दुई सम्मेलन'मा हजारौं राजनीतिक प्रतिनिधिको ध्यान केन्द्रित भएको हो। बेइजिङमा भएका ती सम्मेलनका समय भिपिएन सफ्टवेयरले नियन्त्रणका लागि सङ्घर्ष गरिरहे पनि नियन्त्रण प्रयासले सार्थकता पाउन नसकेको देखिन्छ।

"अहिले चीनमा राजनीतिक भेटघाटका कारण सेन्सरशिप बढेको छ," लिस्टेनस्टाइनबाट सञ्चालित भिपिएन सेवा एस्ट्रिलका एक प्रतिनिधिले एएफपीसँग भने, "दुर्भाग्यवश, सबै भिपिएन प्रोटोकलहरू यस समयमा काम गरिरहेका छैनन्।"

"हामी सबै सेवालाई सामान्य अवस्थामा फर्काउन गहनरूपमा काम गरिरहेका छौं, तर हाल इन्टरनेट नियन्त्रणका लागि चीनमा कुनै विद्युतीय प्रणाली (इटिए) कार्यान्वयनमा रहेको छैन।"

सरकारी अनुमतिविना भिपिएनजस्ता अवरुद्ध वेबसाइटहरूमा पहुँचका लागि प्रयोग गरिने भिपिएन सफ्टवेयर प्रयोगलाई चीनमा अवैध मानिन्छ।

राज्यका सुरक्षाकर्मी र कूटनीतिज्ञहरूलाई भने पहिले ट्वीटरका नामले ख्याति कमाएको सामाजिक सञ्जाल एक्सजस्ता प्रतिबन्धित वेबसाइटहरूमा पहुँचका लागि ती सफ्टवेयरको प्रयोगलाई अनुमति दिइएको छ।

सम्मेलनलाई मध्यनजर राखी बेइजिङमा सुरक्षा व्यवस्था कडा पारिएको छ। सुरक्षा अधिकारीहरूले कुकुरसहित हातमा रातो पट्टी बाँधेका वृद्ध स्वयंसेवकहरूसँग सडकमा गस्ती गरिरहेका र शङ्कास्पद व्यवहारको लागि पैदलयात्रीहरूको निगरानी गरिरहेका पाइन्छन्।

चिनियाँ सामाजिक सञ्जाल वाइबोले पनि संवेदनशील विषयहरूलाई नियन्त्रण गर्न द्रुतरूपमा काम गरिरहेको छ।

चिनियाँ प्रधानमन्त्रीले सम्मेलनपछि परम्परागतरूपमा आयोजना गर्ने औपचारिक पत्रकार सम्मेलन रद्द गर्ने निर्णयबारे छलफल गर्ने सबै ह्यासटचागहरू 'खोजीको सूची'बाट तुरुन्तै हटाइएको थियो र अर्को 'मध्यमवर्गका बच्चाहरूको कुनै भविष्य छैन' भन्ने चीनको आर्थिक सङ्कटको सन्दर्भ पनि हटाइएको थियो।

चीनको घरेलु सञ्चार राज्य नियन्त्रित छ र सामाजिक सञ्जालको व्यापक सेन्सरशिप अक्सर नकारात्मक कथाहरू वा आलोचनात्मक कभरेज दबाउन प्रयोग गरिन्छ।

नियामक निकायले यसअघि पनि लगानीकर्तालाई चीनबारे विदेशी समाचार नपढ्न आग्रह गरेको थियो।

गत वर्ष एक भाषणमा चिनियाँ राष्ट्रपति सी जिनपिङले सत्तारूढ कम्युनिस्ट पार्टीको इन्टरनेटमाथिको नियन्त्रण 'मजबूत' भएको र राज्यले राष्ट्रियताका सवालमा जोखिम सिर्जना गर्ने 'साइबर स्पेसलाई नियन्त्रण गर्नु' महत्त्वपूर्ण रहेको बताएका थिए। रासस

## सन् २०२३ मा साउदी कम्पनी अरामकोको नाफामा २४.७ प्रतिशतले गिरावट

रियाद, २७ फागुन/एएफपी

साउदी अरबको बहुराष्ट्रिय कम्पनी अरामकोको नाफामा सन् २०२३ मा अघिल्लो वर्षको तुलनामा २४.७ प्रतिशतले गिरावट आएको कम्पनीले जनाएको छ।

पेट्रोलियम पदार्थ र प्राकृतिक ग्याँस उत्पादन तथा बिक्री गर्ने अरामकोले साउदी स्टक मार्केटलाई दिएको जानकारी अनुसार सन् २०२३ मा कुल आम्दानी १२१.२५ अर्ब अमेरिकी डलर पुगेको छ भने सन् २०२२ मा यो १६१.०७ अर्ब डलर थियो।

अरामकोले भनेको छ, "यो कमीले मुख्यतया कच्चा तेलको कम मूल्य र कम परिमाणमा बिक्रीको प्रभावलाई प्रतिविम्बित गर्छ।"

फेब्रुअरी २०२२ मा युक्रेनमा रूसले गरेको आक्रमणका कारण तेलको मूल्य आकाशिएको थियो र त्यो वर्ष प्रतिब्यारेल १३० अमेरिकी डलरभन्दा बढी पुगेको थियो।

अरामकोले सन् २०२२ मा उच्च मुनाफा कमाएको र यसले राज्यलाई लगभग एक दशकमा पहिलो वार्षिक बजेट अधिशेष दिएको थियो।

सन् २०२३ मा हामीले अहिलेसम्मकै दोस्रो उच्च आम्दानी हासिल गरेका छौं। अरामकोका कार्यकारी प्रमुख अमिन एच नासेरले भने, "विश्वव्यापी आर्थिक सङ्कटको पृष्ठभूमिका बावजूद हाम्रो लचिलोपन र सक्रियताले स्वस्थ नगद प्रवाह र उच्चस्तरको मुनाफामा योगदान पुऱ्याएको छ।"

"हामीले सन् २०२३ मा भुक्तानी गरेको कुल लाभांशमा वार्षिक ३० प्रतिशतले वृद्धि गर्दै आफ्ना शेयरधनीलाई पनि लाभांश वितरण गरेका छौं," उनले भने।

गत वर्ष तेलको मूल्य घटेर प्रतिब्यारेल ८५ डलरमा झरेको थियो, जसका कारण पहिलो त्रैमासिकमा अरामकोको नाफा १९.२५ प्रतिशत, दोस्रो त्रैमासिकमा ३८ प्रतिशत र तेस्रो त्रैमासिकमा २३ प्रतिशतले घटेको थियो।

रियादस्थित कम्पनी जादवा इन्भेस्टमेन्टले अक्टोबरमा प्रकाशित एक रिपोर्टमा इजरायल–हमास युद्धले विश्वव्यापी अनिश्चितताका कारण यस वर्ष कच्चा तेलको मूल्य प्रतिब्यारेल ८८ देखि ९० अमेरिकी डलर पुग्ने जनाएको छ। रासस

## भारतको शीर्ष निर्वाचन अधिकारीद्वारा राजीनामा

नयाँ दिल्ली, २७ फागुन/एएफपी

आमनिर्वाचनको अपेक्षित घोषणा हुनुभन्दा केही दिन अघि भारतको निर्वाचन आयोगका दोस्रो उच्च श्रेणीका अधिकारीले राजीनामा दिएको न्याय मन्त्रालयले जनाएको छ। निर्वाचनमा प्रधानमन्त्री नरेन्द्र मोदी तेस्रो कार्यकालको खोजी गर्नेछन्।

मानव इतिहासमा लोकतान्त्रिक मताधिकारको सबैभन्दा ठूलो अभ्यास गर्नका लागि भारतको निर्वाचन आयोगलाई आफ्ना तीन शीर्ष अधिकारीमध्ये एकजनालाई मात्र छाडेर अरुण गोयलले शनिवार राजीनामा दिएका छन्। अप्रिल–मेमा हुने निर्वाचनमा करीब एक अर्ब मानिस मतदान गर्न योग्य छन्।

भारतीय राष्ट्रपति द्रौपदी मुर्मूले गोयलको राजीनामा स्वीकृत गरेको कानून तथा न्याय मन्त्रालयले जनाएको छ। यद्यपि मन्त्रालयले उनले राजीनामा गरेको कारण भने बताएको छैन। एनडिटिभी समाचार नेटवर्कले स्रोतलाई उद्धृत गर्दै गोयलले 'व्यक्तिगत कारण' देखाइ राजीनामा दिएको उल्लेख गरेको छ।

निर्वाचन आयोगमा अर्का अधिकारी गत वर्ष सेवानिवृत्त भएपनि उक्त पदमा हालसम्म कसैलाई नियुक्त गरिएको छैन। स्थानीय सञ्चारमाध्यमले धेरै चरणमा हुने निर्वाचनको मितिको घोषणा आगामी साता गर्ने सम्भावना रहेको बताएका छन्।

प्रमुख विपक्षी दल काङ्ग्रेसका महासचिव केसी वेणुगोपालले गोयलको राजीनामा चिन्ताको विषय भएको बताए। "निर्वाचन आयुक्त अरुण गोयलले लोकसभा (संसदीय) निर्वाचनको ठीक अघि राजीनामा दिनु विश्वको सबैभन्दा ठूलो लोकतन्त्रको स्वास्थ्यका लागि अत्यन्त चिन्ताजनक हो"–उनले भने– "निर्वाचन आयोगजस्तो संवैधानिक संस्थाले कसरी काम गरिरहेको छ र सरकारले कसरी उक्त संस्थामाथि दबाब दिएको छ भन्नेबारे कुनै पारदर्शिता छैन।"

धेरै जनमत सर्वेक्षणले आमनिर्वाचनमा मोदी र उनको हिन्दू राष्ट्रवादी भारतीय जनता पार्टी (भाजपा) ले सजिलै जीत हासिल गर्ने सङ्केत गरेका छन्। गत वर्ष एक प्यु सर्वेक्षणमा करीब ८० प्रतिशत भारतीयले मोदीलाई सकारात्मकरूपमा हेरेको पाइएको थियो।

युगभले फेब्रुअरीमा शहरी मतदाताहरूमा गरेको सर्वेक्षणमा भाजपाले हरेक उमेर र लिङ्ग जनसाङ्ख्यिकीमा धेरै विपक्षी पार्टीमाथि सजिलै अगाडि बढिरहेको देखाएको थियो। रासस



**साधुसन्तको बिदाइः** पशुपति क्षेत्र विकास कोषले महाशिवरात्रि पर्व २०८० का लागि पशपतिनाथको दर्शनका लागि आएका साधुसन्तलाई आइतवार दक्षिणासहित बिदाइ गर्दै। तस्बिर : विमलबहादुर विष्ट/रासस

## माघ मसान्तसम्मका आर्थिक सूचक सकारात्मक

काठमाडौं, २७ फागुन/रासस

केन्द्रीय बैंकले आइतवार सार्वजनिक गरेको चालू आर्थिक वर्षको सात महीनाको तथ्याङ्कमा आधारित 'मुलुकको वर्तमान आर्थिक तथा वित्तीय स्थिति' प्रतिवेदन अनुसार अर्थतन्त्रका अधिकांश सूचक सकारात्मक देखिएका छन्।

नेपाल राष्ट्र बैंकका अनुसार फागुन मसान्तसम्ममा वार्षिक बिन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति पाँच दशमलव ०१ प्रतिशत रहेको छ। सरकारले चालू आवका लागि मुद्रास्फीति छ दशमलव पाँच प्रतिशतको वाञ्छित सीमाभित्र राख्ने लक्ष्य राखेको छ।

सात महीना अवधिमा आयात दुई दशमलव तीन, निर्यात सात दशमलव एक र कुल वस्तु व्यापारघाटा एक दशमलव आठ प्रतिशतले घटेका छन्। यो अवधिमा विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा २१ दशमलव छ प्रतिशतले र अमेरिकी डलरमा १९ दशमलव एक प्रतिशतले बढेका छन्। त्यसैगरी, शोधनान्तर स्थिति रु दुई खर्ब ९७ अर्ब ७२ करोडले बचतमा रहेको छ।

कुल विदेशी विनिमय सञ्चिति रु १८ खर्ब ४४ अर्ब ९४ करोड र अमेरिकी डलरमा १३ अर्ब ८९ करोड रहेको छ। सात महीना अवधिको सरकारको खर्च रु छ खर्ब ८६ अर्ब ७५ करोड र राजस्व परिचालन रु पाँच खर्ब ६७ अर्ब ४० करोड रहेको छ।

यो अवधिमा विस्तृत मुद्राप्रदाय सात प्रतिशतले बढेको राष्ट्र बैंकले जनाएको छ। वार्षिक बिन्दुगत आधारमा यस्तो मुद्राप्रदाय १३ दशमलव सात प्रतिशतले बढेको छ।

फागुन मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाको निक्षेप सङ्कलन सात प्रतिशतले बढेको छ। त्यस्तै, निजी क्षेत्रमा प्रवाहित कर्जा चार दशमलव एक प्रतिशतले बढेको छ। वार्षिक बिन्दुगत आधारमा निक्षेपको वृद्धिदर १४ दशमलव चार प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जाको वृद्धिदर चार दशमलव सात प्रतिशत रहेको छ।

### महिला नेतृत्व ...

अगाडि सरेर वास्तविक सन्देश फैलाउन लाग्नुपर्छ," उनले भने।

त्यस्तै, धनुषाको मिथिला नगरपालिका–६, ढल्केबरस्थित राधाकृष्ण मन्दिरका पण्डित बच्चुकैलाश पोखरेलले धर्मशास्त्रले महिला र पुरुषबीच विभेद नगरेको कुरा आफूहरूले समाजमा फैलाउन भूमिका बढाउने प्रतिबद्धता व्यक्त गरे।

त्यसैगरी, बौद्ध धर्मावलम्बी हैत्यसिंह गुञ्जनले बौद्ध धर्ममा महिला र पुरुषबीच विभेदको कुरा नरहेको उल्लेख गर्दै असल पक्षलाई अनुसरण र गलत पक्षलाई अस्वीकार गर्न सबैले सचेत हुनुपर्छ भने।

मिथिला नगरपालिका–६ स्थित महेन्द्र माविका प्रधानाध्यापक रामकुमार महतोले समाजमा रहेका गलत परम्परा, सोच र शैलीका कारण महिलालाई अगाडि बढ्न अवरोध भइरहेको जनाउँदै त्यसलाई परिवर्तन गर्न घरबाटै सहगोगी वातावरण बनाइनुपर्नेमा जोड दिए।

"२५ वर्षअघि मैले अध्यापन शुरू गर्दा एउटा कक्षामा पाँचजना छात्रा पनि पाउँदैनथ्यौं तर अहिले धेरै छात्रा पढ्न आउने गरेका छन्। त्यो क्रम समाजका अरू क्षेत्रमा पनि देख्न सकिन्छ," उनले भने, "अब त्यसको गुणात्मक सुधार र सबल नेतृत्व निर्माणमा महिलाहरूले विशेष ध्यान दिनुपर्छ। त्यसमा हामी सबै पुरुष, सामाजिक, धार्मिक, राजनीतिक तथा शैक्षिक क्षेत्रको भूमिका अझ बढी महत्त्वपूर्ण हुन सक्छ।"

सामाजिक अगुवा सुशीला सुवेदीले पुरुषले गरिदिएर मात्रै नहुने भन्दै आफ्नो अधिकारका लागि महिलाले पनि सबैलाई विश्वासमा लिएर जान सक्नुपर्ने धारणा राखिन्।

राष्ट्रिय समाचार समितिका कार्यकारी अध्यक्ष एवं कार्यक्रमका प्रशिक्षक धर्मेन्द्र झाले मधेस प्रदेशमा अहिले पनि लैङ्गिक असमानता, विभेद, दाइजो प्रथाजस्ता कारणले महिला अझ बढी प्रताडित भइरहेको जनाउँदै त्यसविरुद्ध सबैले सकारात्मक भूमिका खेल्न सक्नुपर्ने बताए। उनले प्रथा, परम्परा, गलत धार्मिक मूल्य–मान्यताका आधारमा हुने महिला हिंसा रोक्न समाजका अगुवाहरूले नै आफ्नो सोचमा परिवर्तन गर्नुपर्छ भने।

"हामी माता काली, दुर्गा, सरस्वती, लक्ष्मीलगायतलाई पुज्ने धर्म संस्कारबाट प्रशिक्षित छौं तर यही समाजमा महिलामाथि हुने उत्पीडन रोक्न सकिरहेका छैनौं। यो विरोधाभाष शोभनीय होइन। त्यसैले तपाई हामी अगुवाहरूले विभेदका खाडल पुर्न योगदान गर्नुपर्छ," अध्यक्ष झाले भने।

त्यस्तै, दलित महिला केन्द्र नेपालका संस्थापक अध्यक्ष गौरा नेपाली र संस्थाका कार्यकारी निर्देशक तेजेन्द्र लामाले महिलाविरोधी चिन्तन, मान्यता, प्रथा–परम्परा र धर्म–संस्कारसँग जोडिएका गलत पक्षहरूबारे सचेतना फैलाउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको र आगामी दिनमा सहभागीहरूले आआफ्नो क्षेत्रबाट सकारात्मक भूमिका खेल्ने अपेक्षा व्यक्त गरे।

कार्यक्रममा सामुदायिक वन उपभोक्ता महासङ्घ मधेस प्रदेशका अध्यक्ष सोम शर्मा, द एशिया फाउन्डेशनका अञ्जु विश्वकर्मा, पत्रकार विनोद महतो, नेपाल प्रहरीकी सतीकुमारी घिसिङ, सामाजिक अभियन्ता शोभा माझी, सामाजिक मेलमिलापकर्ता मीरा दाहालगायतले महिलालाई अवसर दिएमा गर्न सक्छन् भन्ने कुरा प्रमाणित भइसकेको जनाउँदै आपसी सहयोग र सहअस्तित्वको भावनाले अगाडि बढ्न अपील गरे।

### कार्यालय ...

कर्णलाई ट्याक्टर पाउने आश्वासनमा बुझाएको जानकारी दिएका छन्। उनका अनुसार प्रत्येक पीडित व्यक्तिबाट रु पाँचदेखि नौ लाखसम्म लिइएको थियो। केही बैंकमार्फत त केही नगदमा उक्त रकमको कारोबार गरिएको यादवले जानकारी दिए।

पीडितहरूको यकीन तथ्याङ्क नभए पनि पीडित सयौं हुन सक्ने स्थानीय मनोज यादव बताउँछन्। उनका अनुसार कम्तीमा पनि रु १० करोड बराबरको रकम हिनामिना गरी कर्ण फरार भएका छन्। फरार कर्णको सिराहा नगरपालिका–१० स्थायी घर हो। अहिले दैनिक दर्जनौं पीडित व्यक्ति घर पुग्ने गरेका कर्णका बुबा कृष्णदेवलाल कर्णले जानकारी दिए। छोराको बदमाशीका कारण यतिबेला आफू तनावमा परेको जनाउँदै प्रहरीमा शान्ति सुरक्षाको निवेदन दिएको उनले बताए।

कृषि ज्ञान केन्द्र, सिराहाले भने फरार रहेका कर्ण कार्यालय सहयोगी मात्र भएको जानकारी दिएको छ। पीडितका अनुसार कर्णले नायबसुब्बाको परिचयपत्र झुन्ड्याएको बताए पनि ज्ञान केन्द्रका प्रमुख नरेन्द्रकुमार महासेठले भने कर्ण कार्यालय सहयोगी मात्र भएको र विगत दुई महीनादेखि तलब पनि नलिएको जानकारी दिए। कर्णले सर्वसाधारणको रकम हिनामिना गरेको सम्बन्धमा आफू जानकार नभएको प्रमुख महासेठले बताए।

### आजको राशिफल

| | |
|---|---|
| मेष — धनलाभ | वृष — कर्मप्राप्ति |
| मिथुन — राज्यभय | कर्कट — रोगभय |
| सिंह — व्यापारवृद्धि | कन्या — शत्रुभय |
| तुला — कार्यनाश | वृश्चिक — भयचिन्ता |
| धनु — राज्यलाभ | मकर — धनखति |
| कुम्भ — सुयश | मीन — खर्चवृद्धि |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# महानगरस्तरीय राष्ट्रपति रनिङ शिल्ड सम्पन्न

## भोलिदेखि जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड हुने

प्रस, वीरगंज, २७ फागुन/

वीरगंज महानगरस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता आइतवार



सम्पन्न भएको छ।

हिजोदेखि नारायणी रङ्गशालामा शुरू भएको दुई दिने प्रतियोगिता आज सम्पन्न भएको मुख्य निर्णायक विश्वेश्वर पटेलले बताए।

आज सम्पन्न दुई सय मिटर दौडमा पुरुषतर्फ पुष्पराज यादव र गजेन्द्र रायभर तथा महिलातर्फ प्रीति पटेल र अर्चना यादव क्रमशः प्रथम र द्वितीय भए।

यसैगरी, तीन हजार मिटर दौडमा पुरुषतर्फ दीपक सहनी र गजेन्द्र रायभर तथा महिलातर्फ कुसुम खातुन र सिर्जना शर्मा क्रमशः प्रथम र द्वितीय भए। आठ सय मिटर दौडमा पुरुषतर्फ विवेक साह र रोहित कुशवाहा तथा महिलातर्फ कीर्ति यादव र अर्चना यादव क्रमशः प्रथम र द्वितीय भए।

यसैगरी, ट्रिपलजम्पमा पुरुषतर्फ पुष्पराज यादव र सन्दीप यादव प्रथम र द्वितीय भए भने महिलातर्फ प्रीति यादव प्रथम भइन्।

ज्याबलिङ थ्रोमा पुरुषतर्फ दीपेश चौरसिया र महिलातर्फ याश्मा खातुन प्रथम भएको मुख्य निर्णायक पटेलले बताए।

उनले सोमवारदेखि जिल्ला खेलकूद विकास समिति पर्साको आयोजनामा नारायणी रङ्गशालामा तीन दिवसीय जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता हुने बताए।

## बुढासुब्बा गोल्डकप : एनआरटी सेमिफाइनलमा

धरान, २७ फागुन/रासस



धरानमा जारी २४औं बुढासुब्बा गोल्डकपको आइतवार दोस्रो दिनको खेलमा काठमाडौंको न्युरोड टीम (एनआरटी)ले विभागीय टोली त्रिभुवन आर्मी क्लबलाई २-१ गोलअन्तरले पराजित गरेको छ। जीतसँगै एनआरटीले सेमिफाइनलको यात्रा तय गरेको छ।

आज धरान रङ्गशालामा भएको दोस्रो क्वाटरफाइनल खेलको चौथो मिनेटमा त्रिभुवन आर्मीका खेलाडी मानबहादुर आलेमगरले गोल गरेपछि खेल रोमाञ्चक बनेको थियो। त्यसपछि खेलको १४औं मिनेटमा एनआरटीका खेलाडी शिशिर लेखीले पहिलो गोल गरेका थिए। एनआरटीकै अफिज ओलावालेले ६०औं मिनेटमा गोल गरेर जीत सुनिश्चित गरेका थिए।

आजको खेलको 'प्लेयर अफ दी म्याच' एनआरटीका शिशिर लेखी घोषित हुँदै रु १० हजार पुरस्कार पाए। सोमवारको तेस्रो क्वाटरफाइनल खेल नेपाल पुलिस क्लब र मोरङ फूटबल सङ्घबीच हुने आयोजकले जनाएको छ।

## गठबन्धनले राजनीति दूषित भयो -महामन्त्री थापा

पाटन, २७ फागुन/रासस

नेपाली काङ्ग्रेसका महामन्त्री गगनकुमार थापाले चुनावभन्दा अगाडि नेताहरू मिलेर चुनावमा जाने परम्पराले नेपालको राजनीतिलाई दूषित बनाएको बताएका छन्।

गोदावरी नगरपालिकाको आठौं स्थापना दिवसका अवसरमा आइतवार आयोजित कार्यक्रममा महामन्त्री थापाले पछिल्लो सत्ता गठबन्धनको उद्देश्य पनि आगामी चुनावमा गठबन्धन गर्न नै हो भने। उनले चुनावी गठबन्धनले राजनीतिलाई दूषित बनाएको तर्क गरे।

"अहिले पनि संसद्मा कुनै दलको बहुमत छैन, यही प्रणाली हुँदा भोलि पनि कुनै दलको बहुमत हुँदैन। यसले नेताहरूको स्वार्थमा संसद् र सरकार बन्धक बनाउँछ। जनताको आवश्यकता र अपेक्षाको सम्बोधन हुनुपर्छ। राजनीतिलाई दूषित हुनबाट बचाउन निर्वाचन प्रणालीलाई बदल्नुपर्छ," महामन्त्री थापाले भने।

मिश्रित निर्वाचन प्रणाली विकृत भएको र त्यसबाट नेताहरूलाई सत्तामा पुग्न सहज हुँदा शक्तिको दुरुपयोग हुने गरेको आरोप महामन्त्री थापाले लगाए। प्रणाली ठीक नहुँदा देश विकासको गति ठप्प प्रायः भएको बताउँदै उनले सङ्घीय प्रणालीलाई ठीक ढङ्गले उपयोग गर्दै नागरिकको सबैभन्दा नजीकको सरकार स्थानीय तहलाई दिइएको जिम्मेवारी अनुसार सेवाप्रवाह हुनुपर्ने बताए।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| १. | वीरगंज उद्योग वाणिज्य सङ्घ | साधारणसभा | सभाहल | १०:३० |


## रक्तदान गरौं, स्वस्थ जीवन बिताऔं

- तपाईं हामीले दिएको एक युनिट रगतले तीनजनासम्मको ज्यान बच्न सक्छ,
- हरेक स्वस्थ व्यक्तिले तीन/तीन महीनामा रक्तदान गर्न मिल्छ,
- १८ देखि ६५ वर्षको उमेरसम्म रक्तदान गर्न सकिन्छ,
- रगतको अन्य विकल्प नभएकोले रक्तदान नै एकमात्र उपाय हो,
- रक्तदानमा कुनै धर्म र जात हुँदैन,
- रक्तदान दानमध्ये सबैभन्दा ठूलो दान अर्थात् जीवनदान हो,
- प्रयोगमा नआएको रगत सम्बन्धित ठाउँमा फिर्ता गरौं
- आफूले पनि रक्तदान गरौं, अरूलाई पनि रक्तदान गर्न प्रेरित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## हार्डवेयर लोड ट्रक नियन्त्रण

प्रस, वीरगंज, २७ फागुन/

जिल्ला प्रहरी कार्यालय, पर्साले बिलबीजकभन्दा बढी हार्डवेयर लोड ट्रक नियन्त्रणमा लिएको छ।

वीरगंजबाट चितवन जाँदै गरेको



ना.६ख ४२७१ नम्बरको ट्रकलाई गण्डकचोकमा नियन्त्रणमा लिएको र चेकजाँच गर्दा बिलबीजकभन्दा बढी शङ्कास्पद सामान देखिएको पर्सा प्रहरीले जनाएको छ। ट्रकसहितको सामानलाई आवश्यक कारबाईको लागि आइतवार राजस्व अनुसन्धान कार्यालय, पथलैया चलान गरिएको जिप्रका, पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक कुमारविक्रम थापाले बताए।

यसैगरी, पर्सा प्रहरीले वीरगंज महानगर-८ घण्टाघरस्थित एउटा घरबाट भन्सार छलीका जुत्ताहरू बरामद गरेको छ।

सूचनाको आधारमा सो स्थानमा रहेको गोदामघरमा छापा मारिएको र भन्सार छलीका ६९५ जोर जुत्ता, सुपर क्लिक क्रिम ३७ सीसी र प्लास्टिकको लेडिज चप्पल २६ थानसमेत बरामद गरिएको प्रवक्ता थापाले बताए। बरामद सामान करीब सात लाख मूल्य बराबरको रहेको र सोलाई कारबाईको लागि आजै वीरगंज भन्सार कार्यालय पठाएको उनले बताए।

# खेलकूदको संसार

## नेपाल र हङकङबीचको खेल वर्षाले प्रभावित

काठमाडौं, २७ फागुन/रासस

हङकङमा भएको त्रिकोणात्मक टी-२० शृङ्खला अन्तर्गत नेपाल र हङकङबीचको खेल वर्षाका कारण रद्द भएको छ। हङकङको मोङकोकस्थित मिसन रोड क्रिकेट मैदानमा हङकङले टस हारेर पहिला ब्याटिङको निम्तो पाएको थियो।



तर पहिलो पारीको आठौं ओभर चलिरहँदा पानी परेपछि खेल रोकिएको हो। हङकङले आठ ओभरमा दुई विकेट गुमाउँदै ६५ रन बनाएको थियो। त्यसअघि पाँच ओभर पूरा हुँदा पनि वर्षाका कारण खेल प्रभावित भएको थियो। हङकङका लागि अंशुमन रथले ३६ र बाबर हायत तीन रन बनाएका थिए। हङकङका लागि निजाकान्त खानले २५ रन बनाए।

नेपालका लागि करण केसी र गुलशन झाले समान एक/एक विकेट लिए। शनिवार भएको नेपाल र हङकङबीचको मैत्रीपूर्ण खेलमा नेपाल ७३ रनले पराजित भएको थियो। अब नेपालले यही फागुन २९ गते पपुवा न्यूगिनीसँग प्रतिस्पर्धा गर्नेछ।

## छनोट प्रतियोगितामा भाग लिने तेक्वान्दो टोली चीन जाँदै

काठमाडौं, २७ फागुन/रासस

फ्रान्सको पेरिसमा आगामी जुलाई २६ देखि अगस्त ११ सम्म हुने ग्रीष्मकालीन ओलम्पिक तथा अगस्त २८ मा आयोजना गरिने पाराओलम्पिक गेम्सका लागि हुने एशियाली तेक्वान्दो छनोट प्रतियोगितामा सहभागी हुन तेक्वान्दोका दुई टोली चीन जाने भएका छन्। छनोट प्रतियोगिता आगामी चैत २ देखि ४ गतेसम्म चीनको ताइयाङमा हुँदैछ।

पेरिस ओलम्पिकको छनोट अन्तर्गत पुरुष ५८ किलोमुनि राहुल कुमाल र ६८ किलोमुनि वीरबहादुर महरा तथा महिला समूहमा ४९ किलोमुनि अञ्जली तामाङ र ६७ किलोमुनि इन्दिरा बस्नेतले नेपालको चुनौती प्रस्तुत गर्नेछन्। प्रत्येक तौल समूहमा पहिलो र दोस्रो हुने खेलाडी पेरिस ओलम्पिकका लागि छनोट हुनेछन्। उक्त छनोट खेल भने चैत २ र ३ गते हुनेछ। त्यसका लागि टोली भोलि चीन प्रस्थान गर्दैछ।

त्यसैगरी, पेरिस पाराओलम्पिक छनोट अन्तर्गत पुरुष ५८ किलोमुनि भरतसिंह महता र ६३ किलोमुनि अमिर ब्लोन तथा महिला ५७ किलोमुनि पलेसा गोवर्द्धनले नेपालको प्रतिनिधित्व गर्दैछन्। पलेसा चौथो एशियाली पारा खेलकूदकी कांस्य पदक विजेता हुन्। उक्त खेल चैत ४ गते हुनेछ। प्रतियोगितामा सहभागी हुने उक्त टोली भने चैत १ गते चीन प्रस्थान गर्नेछ। हरेक स्पर्धामा पहिलो हुने खेलाडी पेरिस पाराओलम्पिकमा छनोट हुने प्रावधान छ।

राष्ट्रिय खेलकूद परिषद्का सदस्य-सचिव टङ्कलाल घिसिङले टोलीलाई सफलताको शुभकामना दिँदै आइतवार आयोजित एक कार्यक्रममा बिदाइ गरे। "छनोट प्रतियोगिता तपाईंहरूका लागि चुनौतीसँगै इतिहास दोहोऱ्याउने अवसर पनि हो। नेपाली ओलम्पिकको इतिहासमा अहिलेसम्म तेक्वान्दोबाहेक कुनै पनि खेलका खेलाडीले छनोट चरण पार गरी ओलम्पिक खेलेको इतिहास छैन। सङ्गीना वैद्य र दीपक विष्टले त्यो उपलब्धि हासिल गर्नुभएको छ। उहाँहरूपछि तपाईंहरूलाई इतिहास रच्ने मौका छ," सदस्य-सचिव घिसिङले भने।

## महिला साफ च्याम्पियनशिपको उपाधि बङ्गलादेशलाई

काठमाडौं, २७ फागुन/रासस

बङ्गलादेशले भारतलाई 'पेनाल्टी सुटआउट'मा पराजित गर्दै दक्षिण एशियाली फूटबल महासङ्घ (साफ) यू-१६ महिला च्याम्पियनशिपको उपाधि जितेको छ।

सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा आइतवार भएको फाइनल खेलमा बङ्गलादेशले पेनाल्टी सुटआउटमा ३-२ गोलअन्तरले पराजित गर्दै प्रतियोगिताको उपाधि जितेको हो। खेलको निर्धारित समयसम्म दुवै टोलीबाट एक-एक गोल बराबरीमा खेलेपछि खेल पेनाल्टी सुटआउट गएको हो।

पेनाल्टीमा बङ्गलादेशका लागि मारियम बिन्ता हन्ना, थुनी मर्मा र साथी मुन्डाले गोल गरे। त्यसैगरी, सौभरभी अखण्ड



प्रीति र अल्पी अख्तर भने गोल गर्नबाट चुके।

भारतका लागि श्वेता रानी र अन्विता रघुरमानले गोल गर्दा एलिनादेवी सारङ्थेम, बोनिफिलिया शुल्लई र दिव्यारानी लिन्डाले गोल गर्न सकेनन्।

त्यसअघि, खेलको चौथो मिनेटमैं अनुष्का कुमारीको गोलमार्फत भारतले अग्रता लिएको थियो। खेलको ७१औं मिनेटमा बङ्गलादेशकी मरियम बिन्ता हन्नाले एक गोल फर्काउँदै खेललाई एक/एक गोलको बराबरीमा ल्याएकी थिइन्। सङ्घर्षपूर्ण खेलमा गोल हुन सकेन र खेलको निर्णय पेनाल्टी सुटआउटमा गएको थियो। प्रतियोगितामा नेपालसहित भारत, बङ्गलादेश र भुटानको सहभागिता थियो।